प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
मुकामः बुटवल, नेपाल
ईमेल : molmac.sahakari@gmai
फोन नं. : ०७१-५४००५६

पत्र संख्या : सहकारी/०७७/०७८
चलानी नं. : ३२९

मिति: २०७८/०१/१५

विषय : विनियम स्विकृत गरिएको सम्वन्धमा।

श्री विश्वासिलो बचत तथा ऋण सहकारी संस्था ली.
ठाकुरबाबा नगरपालिका वडा न. ८ मढेला बर्दिया।

प्रस्तुत विषयमा त्यस संस्थाको मिति २०७८/०१/१४ को निवेदन अनुसार मिति २०७८/०१/१५ को दर्ता अधिकारीको निर्णयानुसार विनियम स्विकृत गरिएकोले स्विकृत विनियम अनुसार काम सञ्चालन गर्नुहुन निर्देशानुसार अनुरोध छ।

२०७८/०१/१५

(ज्ञानहरी पन्थी)
सहकारी शाखा प्रमुख

विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड

Biswasilo Saving and Credit Cooperative Society Limited

ठाकुरबाबा नगरपालिका - ८, मढेला बर्दिया

पुर्नलेखित विनियम - २०७७

विश्वासिलाबचत तथा ऋण सहकारी संस्था लिमिटेड

पुर्नलेखित विनियम-२०७७

प्रस्तावना :

सहकारीका सिद्धान्त, मुल्य र मान्यताहरु अवलम्बन गरी सदस्यहरुमा स्वावलम्बन र पारस्पारिकताको भावनालाई बढावा दिएर आफ्नो आर्थिक एवं सामाजिक उन्नतिका लागि आवश्यक स्रोतका साथै व्यावसायिक तथा सामुदायिक सेवाहरुको बन्दोबस्त गर्ने, समानता र समताका माध्यमबाट सदस्यहरुको समृद्धि हासिल गर्न सीप, प्रविधि र परिश्रम उपयोग गरी उद्यम विकास, उत्पादन, उत्पादकत्व र बचत वृद्धि गर्ने, कृषि क्षेत्रको समग्र विकास मार्फत उत्पादित वस्तुहरुको संकलन, भण्डारण र प्रशोधन तथा बजारीकरण गर्ने एवं सदस्यहरुको विस्तार गर्दै सहकारी संस्कृतिबाट समृद्ध र न्यायपूर्ण समाजको निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले सहकारी ऐन २०४८ बमोजिम स्थापित यस **विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेडको** विनियम, २०५२ लाई प्रचलित सहकारी ऐन, नियमावली बमोजिम पुनरलेखित गर्न आवश्यक भएकोले प्रदेश नं. ५ सहकारी ऐन, २०७६ को दफा २५ ले दिएको अधिकार प्रयोग गरी पुनरलेखित गरी मिति २०७७/०८/२० मा बसेको २५ औं वार्षिक साधारण सभाबाट सर्वसम्मत पारित गरी लागु गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस विनियमको नाम : **विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि.**को पुर्नलेखित विनियम, २०७७ रहेको छ ।

(ख) यो विनियम भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेशबाट स्वीकृत भएपछि तुरुन्त लागु हुनेछ ।

२. **संस्थाको नाम, ठेगाना तथा कार्यालय स्थापना सम्बन्धी व्यवस्था :**

क) संस्थाको नाम:विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड रहनेछ । अंग्रेजीमा Biswasilo Saving and Credit Co-operative Society Limited रहनेछ ।

ख) संस्थाको ठेगाना:- संस्थाको मुख्य कार्यालय बर्दिया जिल्लाको ठाकुरबाबा नगरपालिका वडा नं.८ मडेलामा रहनेछ भने सदस्य संख्या तथा भौगोलिक सहजताको आधारमा ठाकुरबाबा न.पा.वडा नं. ८, केंद्रिय कार्यालय, गेरुवा गा.पा. वडा नं. ३, शान्तीबजार सेवाकेन्द्र, मधुवन न.पा. वडा नं.४, ढोढरी सेवाकेन्द्र, मधुवन न.पा. वडा नं. ३, ओगली बजार सेवाकेन्द्र, मधुवन न.पा. वडा नं.८, सानोश्री सेवाकेन्द्र, ठाकुरबाबा न.पा. वडा नं. १, भुरिगाऊ सेवाकेन्द्र, बारबर्दिया न.पा. वडा नं. ३, बनियाभार सेवाकेन्द्र, ठाकुरबाबा न.पा. वडा नं. ९, आशिरबाद सेवाकेन्द्र, ठाकुरबाबा न.पा. वडा नं. ६, सोगनि सेवाकेन्द्र, ठाकुरबाबा न.पा. वडा नं. ३, खुटासा सेवा केन्द्र, बारबर्दिया वडा नं. ६, जयनगर सेवा केन्द्र, राजापुर न.पा. वडा नं. ६, मानपुरटपरा सेवाकेन्द्र, राजापुर न.पा.वडा नं. ४, राजापुर सेवाकेन्द, गेरुवा गा.पा. वडा नं. , विहानीबजार सेवाकेन्द्र, गुलरिया न.पा. वडा नं.६, गुलरिया सेवाकेन्द्र, बढैयाताल गा.पा. वडा नं.६, मैनापोखर सेवाकेन्द्र, बाँसगढि न.पा. वडा नं. ५, बाँसगढि, बाँसगडि सेवाकेन्द्र, बाँसगडि न.पा वडा नं. ३, लखना सेवाकेन्द्रको कार्यालय रहनेछ ।

(ग) ठेगाना परिवर्तन भएमा सो को सूचना अनिवार्य रुपमा आफ्ना सदस्यहरु, संस्था दर्ता तथा नियमन गर्ने निकाय र सहकारीका संबन्धित संघहरुमा दिइनेछ ।

(घ) सामान्यतया कार्यालय राख्दा समान प्रकृतिको अर्को सहकारी संस्था रहेको एउटै भवन प्रयोग गरिने छैन ।

(ड) सहकारी संस्थाको कार्यालय सबै सदस्यहरुको सहज पहुँच हुने स्थानमा राखिने छ ।

(च) संस्थाको साइनबोर्डमा स्पष्ट बुझिने गरी संस्थाको नाम, ठेगाना, स्वीकृत लोगो, कार्यक्षेत्र र सम्पर्कका लागि उपलब्ध फोन, इमेल, फ्याक्स, पोष्टबक्स नम्बर उल्लेख गरिनेछ ।

(छ) समितिले संस्थाको कार्यालयमा सबैले देख्ने ठाउमा निम्न कुराहरु खुलेको सूचना राखी सम्बन्धित सबैलाई सुसूचित गर्नेछ :-

(१) संस्थाको प्रमुख कारोबार ।

(२) कुल सदस्य संख्या ।

(३) कारोबारको विवरण - यसमा गत आर्थिक बर्षको लेखा परीक्षण श्रेस्ताको आधारमा कुल संकलित शेयर पूँजी, कुल बचत तथा ऋण कारोबारको विवरण र कारोबारबाट भएको मुनाफा उल्लेख गरिनेछ ।

(४) संस्थाले ऋणमा लिने तथा बचतमा दिने ब्याज दर ।

दर्ता अधिकारी

(१) संचालक तथा लेखा समितिका पदाधिकारीको नाम, ठेगाना र सम्पर्क फोन ।

३. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विनियममा-.

(क) "ऐन" भन्नाले लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ सम्झनु पर्दछ ।

(ख) "नियमावली" भन्नाले लुम्बिनी प्रदेश सहकारी नियमावली, २०७६ सम्झनु पर्दछ ।

(ग) "दर्ता अधिकारी" भन्नाले लुम्बिनी प्रदेश सहकारी ऐन २०७६ बमोजिम अधिकार प्राप्त अधिकारीलाई सम्झनु पर्दछ ।

(घ) "संस्था" भन्नाले विश्वासिलाबचत तथा ऋण सहकारी संस्था लि.लाई सम्झनु पर्छ ।

(ङ) "विनियम" भन्नाले विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लि. को पुर्नलेखित विनियम, २०७७ सम्झनु पर्दछ ।

(च) "सदस्य" भन्नाले संस्थाको शेयर खरीद गरी यस विनियम बमोजिमको सदस्यको दायित्व निर्वाह गर्न तयार भई सदस्यता प्राप्त गरेको व्यक्तिलाई सम्झनु पर्दछ ।

(छ) "साधारण सभा" भन्नाले प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा र विशेष साधारण सभा समेतलाई सम्झनु पर्दछ ।

(ज) "समिति" भन्नाले संस्थाको संचालक समितिलाई सम्झनु पर्दछ ।

(झ) "संचालक" भन्नाले यस विनियम बमोजिम गठित समितिका निर्वाचित सञ्चालक समितिका पदाधिकारी एवं सदस्यहरुलाई सम्झनु पर्दछ ।

(ञ) "उपसमिति" भन्नाले संस्थाद्वारा यस विनियम बमोजिम कुनै निश्चित कार्य गर्नका लागि स्थायी प्रकृतिको वा अवधि तोकी गठन गरिएको उप–समिति समेतलाई संम्झनु पर्दछ ।

(ट) "प्रमुख कार्यकारी अधिकृत" भन्नाले प्रवन्धकीय जिम्मेवारी पाएको प्रमुख कर्मचारीलाई सम्झनु पर्दछ ।

(ठ) "शेयर" भन्नाले संस्थाको शेयर पुँजीको विभाजित अंशलाई सम्झनु पर्दछ ।

(ड) "शेयर प्रमाणपत्र" भन्नाले शेयर किन्ने व्यक्तिलाई सो बापत संस्थाबाट दिइएको निस्सालाई सम्झनु पर्दछ।

(ढ) "बचत परिचालन" भन्नाले सदस्यहरुबाट बचत संकलन गर्ने र सदस्यहरुमा ऋण लगानी गर्ने दुवै कार्यलाई सम्झनु पर्दछ ।

(ण) "सदस्य बचत" भन्नाले सदस्यहरुले पूर्व निर्धारित ब्याजदरमा ब्याजको लाभ प्राप्त गर्ने गरी संस्थामा जम्मा गरेको रकमलाई सम्झनु पर्दछ ।.

(त) "ऋण लगानी" भन्नाले संस्थाले विनियम तथा ऋण नीतिको अधीनमा रही निश्चित शर्त र सम्झौताका आधारमा भविष्यमा निर्धारित दरमा ब्याज तथा हर्जना लाग्ने भएमा सो बापतको रकम समेत जोडी फिर्ता बुझाउने गरी सदस्यलाई ऐन बमोजिम लगानी गरेको तथा असूल गरिने ऋण रकमलाई सम्झनु पर्दछ ।

(थ) "बाह्य ऋण" भन्नाले प्रचलित कानुन बमोजिम संस्थाले व्यवसायिक कारोबारका लागि निश्चित शर्त र सम्झौताका आधारमा तोकिएको दरमा ब्याज एवम् हर्जना लाग्ने भएमा सो बापतको रकम समेत थप गरी ऋणदाता स्वदेशी वा विदेशी बैंक, वित्तीय संस्था, आवद्ध संघलाई फिर्ता बुझाउने गरी लिएको रकमलाई जनाउंछ ।

(द) "आर्थिक वर्ष" भन्नाले प्रत्येक वर्षको श्रावण एक गते देखि आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ ।

४. कार्यक्षेत्र :

यस संस्थाको कार्यक्षेत्र बर्दिया जिल्लाका सबै स्थानीय तहमा सीमित रहनेछ । तर नियामक निकायको स्विकृति लिएर आवश्यकता अनुसार कार्यक्षेत्र विस्तार गर्न सकिनेछ ।

५. संस्था संगठित संस्था हुने :

(क) संस्था अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित संस्था हुनेछ ।

(ख) संस्थाको सबै कामकाज प्रमाणित गर्नका लागि अनुसूची-१ मा उल्लेख गरिए अनुसारको आफ्नो छुट्टै चिन्ह अंकित छाप हुनेछ ।

(ग) संस्थाको छाप संचालक समितिबाट अधिकार प्राप्त व्यक्तिको जिम्मामा रहनेछ ।

(घ) संस्थाले व्यक्ति सरह प्रचलित कानून एवं यस विनियममा उल्लेख भए बमोजिम चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र सम्पत्ति बेचबिखन गर्न कुनै प्रकारले बन्दोवस्त गर्न सक्नेछ ।

(ङ) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ ।

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल

दर्ता अधिकृत

६. सहकारी सिद्धान्त र आवद्धता :

(१) अन्तर्राष्ट्रिय सहकारी महासंघद्वारा पारित सहकारीका निम्न सात सिद्धान्तहरु यस विनियमको अभिन्न अंग हुनेछन् । यी सिद्धान्तहरुको अनुसरण गर्ने र गराउने गरी संस्थाका क्रियाकलापहरु निर्देशित हुनेछन् ।

(क) स्वेच्छिक तथा खुला सदस्यता ।
(ख) सदस्यहरुद्वारा प्रजातान्त्रिक नियन्त्रण ।
(ग) सदस्यहरुको आर्थिक सहभागिता ।
(घ) स्वायत्तता तथा स्वतन्त्रता ।
(ङ) शिक्षा, तालिम र सूचना ।
(च) सहकारीहरु बीच सहयोग ।
(छ) समुदाय प्रति चासो ।

(२) बचत तथा ऋणको कारोवार गर्दा विश्व ऋण परिषद (WOCCU) द्वारा प्रतिपादित देहायका सिद्धान्तहरुलाई पनि मार्गदर्शकका रुपमा लिइनेछ ।

(१) प्रजातान्त्रिक संरचनाः
- १.१ खुल्ला र स्वेच्छिक सदस्यता,
- १.२ प्रजातान्त्रिक नियन्त्रण,
- १.३ समानता,

(२) सदस्यलाई सेवाः
- २.४ सदस्यलाई सेवा,
- २.५ सदस्यहरुलाई लाभांश वितरण,
- २.६ आर्थिक स्थायित्व

(३) सामाजिक उद्देश्यहरु
- ३.७ अनवरत शिक्षा,
- ३.८ सहकारीहरु बीच सहयोग,
- ३.९ सामाजिक दायित्व,

(३) सहकारीको सिद्धान्त बमोजिम सहकारी बीच पारस्परिक सहयोगको अभिवृद्धि गर्न यो संस्थाको दर्ता भई प्रारम्भिक साधारण सभा सम्पन्न भएको ३ महिना भित्र वर्दिया जिल्ला सहकारी संघ लिमिटेड, जिल्ला बचत तथा ऋण सहकारी संघ लिमिटेड, नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि., र राष्ट्रिय सहकारी बैंक तथा लुम्बिनी विशिष्ठिकृत सहकारी संघ लि.को शेयर एकत्रित गर्दै सदस्यता कायम गरिनेछ ।

परिच्छेद– २
उद्देश्य र कार्य

७. उद्देश्य :

सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासका लागि संस्थाको देहायमा उल्लेख भए बमोजिमको उद्देश्यहरु हुनेछन् :

(क) संस्थामा संलग्न सदस्यहरुमा मितव्ययिताको भावना जागृत गराई नियमित बचत गर्ने बानीको विकास गर्ने ।

(ख) सदस्यहरुको व्यक्तिगत एवं सामुहिक क्षमता अभिवृद्धि गरी स्वावलम्बी एवं आत्मनिर्भर समाजको निर्माणमा योगदान पुर्‍याउने ।

(ग) सदस्यहरुको प्राथमिक आवश्यकता र आयआर्जन क्षमताको पहिचान गरी उत्पादनशील र आयमूलक क्षेत्रमा सदस्यहरु मार्फत लगानी प्रवर्द्धन गरी छरिएर रहेको पुँजीको उपयोग बढाउने ।

(घ) सदस्यहरुको दैनिक जीवनका विविध क्षेत्रमा संस्थागत सहयोग पुर्‍याउने खालका सेवामूलक कार्यक्रमहरु संचालन गरी सहकारिताको महत्व स्थापित हुने काम समुदायमा प्रदर्शित गर्ने ।

(ङ) सहकारी मार्फत उद्यमशिलतको विकास गर्न स्थापना हुने विशिष्टिकृत सहकारी संघहरुमा सहभागि हुने ।

८. कार्यहरु :

(क) सदस्यहरुबाट स्वीकृत नीति अनुसार बचत संकलन गर्ने ।

(ख) सदस्यहरुलाई स्वीकृत नीति अनुसार ऋण लगानी गर्ने ।

(ग) सहकारी ऐन बमोजिम संस्थाको शेयर बिक्री गर्ने ।

(घ) सहकारी ऐन, नियमावली र विनियमको अधीनमा रही अन्य संघ–संस्थाबाट ऋण लिने ।

(ङ) सहकारिता बारे सदस्यहरुको चेतना जगाउने क्रियाकलाप संचालन गर्ने ।

(च) सदस्यहरुलाई सीपमूलक तालिमको अवसर प्रदानगरी व्यावसायिक सीप अभिवृद्धि गर्ने ।

(छ) शिक्षा, स्वास्थ्य, आवास, यातायात, कृषि, उद्योग, व्यापार लगायतका विभिन्न क्षेत्रमा कार्यक्रम तय गरी तत्सम्वन्धी काममा सदस्यहरुलाई व्यक्तिगत वा सामुहिक रुपमा ऋण प्रवाह गर्ने ।

(ज) सदस्यहरुलाई आवश्यक पर्ने विविध कामहरुमा सशुल्क वा निशुल्क सेवा पुर्‍याउने काम गर्ने ।

(झ) सदस्यहरुलाई सूचना प्रवाह गरी व्यावसायिक ज्ञान र अवसरमा पहुँच बढाउने काम गर्ने ।

(ञ) आफ्ना सदस्यहरुलाई सानातिना जोखिमबाट त्राण दिन सदस्यहरुको सामुहिक सहयोग उपलब्ध गराउने संस्थागत प्रबन्ध गर्ने ।

(ट) कारोवारको मुनाफाबाट केही अंश छुट्याई सदस्यहरु एवं तिनका परिवारका सदस्यहरुलाई रचनात्मक कार्यमा उत्प्रेरित गर्ने खालका कार्यक्रम संचालन गर्ने ।

(ठ) सदस्यहरुको उत्पादन तथा बजारीकरणका लागि खरिद बिक्री संकलन केन्द्र तथा व्यवसायिक कारोबार संचालन गर्न सक्ने ।

(ड) सदस्यहरुलाई आवश्यक सेवाका लागि नेपाल सरकारबाट अनुमति प्राप्त निकायहरुको एजेन्सी लिई वित्तीय/ विप्रेषणका सेवा उपलब्ध गराउने ।

(ढ) विनियममा व्यवस्था भएका विविध कोषहरुको प्रभावकारी ढंगले उपयोग गर्ने ।

(ण) संस्था र सदस्यहरुको आर्थिक सुरक्षाको लागि बीमा सम्वन्धी सेवाको कार्य गर्ने ।

(त) सदस्य सुविधाका लागि लघुवित्त कार्यक्रम र रेमिटान्स कम्पनीहरुसंग सम्झौत गरि रेमिटान्स कार्य गर्ने ।

माथि उल्लेखित कार्य गर्न प्रचलित कानून बमोजिम अन्य कुनै निकायबाट स्वीकृति लिनुपर्ने वा सम्झौता गर्नु पर्ने भएमा सो गरी नियामक निकायलाई जानकारी गराए पछि मात्र कार्य संचालन गरिनेछ ।

परिच्छेद–३

सदस्यता

९. **सदस्यता :**

संस्थाको कार्यक्षेत्रभित्र बसोवास गर्ने, संस्थाको कार्यक्रममा सरिक रही साधारण सभाबाट पारित नीति अनुरुप आय-आर्जन गरेको रकमबाट नियमित रुपले बचत गर्न चाहने र संस्थाको स्वीकृत विनियम बमोजिम सदस्यको जिम्मेवारी स्वीकार गर्न मञ्जुर गर्ने, निर्धारित योग्यता पुगेका इच्छुक देहायका व्यक्तिले विनियमको अधीनमा रही सदस्यता प्राप्त गर्न सक्नेछन् :-

(क) एकीकरण भइ आएका संस्थाहरुमा कायम रहेका शेयर सदस्य यस संस्थाका स्वत: सदस्य हुनेछन ।

(ख) ऐनको दफा २६(२) अनुसारका संघ संस्था र निकायहरु ।

(ग) संस्था दर्ता भईसकेपछि यस विनियमको दफा १० वमोजिम सदस्यताको लागि योग्यता पुगेको व्यक्तिहरु ।

१०. **सदस्यताको लागि योग्यता :**

सदस्यता प्राप्तिको लागि देहायमा उल्लेख भए बमोजिमको योग्यता पुगेको व्यक्ति हुनुपर्नेछ ।

(क) उमेर १६ बर्ष पुगेको र नेपाली नागरिकताको प्रमाणपत्र प्राप्त गरेको व्यक्ति ।

(ख) संस्थाको कार्यक्षेत्र भित्र बसोवास गरेको ।

(ग) संस्थाको सेवा उपभोग गर्ने आवश्यकता भएको र संस्थाको जिम्मेवारी वहन गर्न स्वीकार गरेको ।

(घ) संस्थाको विनियमको पालना गर्न मञ्जुर गरेको ।

(ङ) प्रचलित कानूनले अयोग्य नठहरिएको ।

(च) स्वीकृत विनियम बमोजिम प्रवेश शुल्क तथा शेयर खरीद वापत रकम जम्मा गरेको ।

(छ) संस्थाको वचत योजना बमोजिम क्षमता अनुसार नियमित बचत गर्ने प्रतिवद्धता गरेको ।

(ज) समान प्रकृतिको सोही पालिका भित्रको अन्य सहकारी संस्थामा सदस्य नभएको ।

संस्थाको सदस्यता प्राप्त गर्न चाहने व्यक्तिले तोकिएको ढाँचामा उपरोक्त विवरणहरु समेत खुलाएको प्रमाणहरु पेश गरेपछि आवश्यक जाँचबुझ गरी संचालक समितिको निर्णय बमोजिम सदस्यता प्रदान गरिनेछ।

११. सदस्यता प्राप्त गर्ने तरिका :

संस्थाको सदस्यता प्राप्तिको लागि विनियमको दफा १० बमोजिम योग्यता पुगेको व्यक्तिले निम्नानुसारको कागजात र प्रमाण सहित संस्थामा निवेदन पेश गर्नु पर्नेछ :

(क) संस्थाबाट उपलब्ध गराइने शेयर सदस्यताको आवेदन फाराम,
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी
(ग) कार्यक्षेत्र भन्दा बाहिर स्थायी ठेगाना भएको व्यक्तिको हकमा संस्थाको कार्यक्षेत्र भित्र व्यवसायिक क्रियाकलाप भएको स्वघोषणापत्र वा प्रमाण ,
(घ) सदस्यता बन्न चाहने व्यक्ति समान प्रकृतिको अन्य कुनै सहकारी संस्थाको सदस्य तथा संचालक नभएको स्वघोषणाको कागज,
(ङ) सदस्यता लिन चाहने व्यक्ति वित्तीय कारोबारका क्रममा कालो सूचीमा नपरेको र नैतिक पतन देखिने फौज्दारी अभियोगमा दोषी प्रमाणित नभएको स्वघोषणा गरी सहीछाप गरेको कागज

१२. सदस्यताको अन्त्य :

(१) कुनै पनि सदस्यको सदस्यता देहायमा उल्लेख भएको अवस्थामा कायम रहने छैन :
(क) मृत्यु भएमा,
(ख) निको नहुने गरि मगज बिग्रेको प्रमाणित भएमा,
(ग) सदस्यताबाट दिएको राजीनामा स्वीकृत भएमा,
(घ) विनियममा भएको व्यवस्था बमोजिम समितिको निर्णयले सदस्यताबाट निष्काशित भएमा,
(ङ) संस्था विघटन भएमा,
(च) संस्थालाई हानि नोक्सानी हुने काम गरेको प्रमाणित भएमा,
(छ) नियमित बचतकर्ताको रुपमा सदस्य नभई ऋण लिने उद्देश्यले मात्र शेयर सदस्य भएमा,
(ज) विनियमको दफा १० मा उल्लेखित सदस्यताको लागि चाहिने कुनै योग्यता नरहेमा,
(झ) ऐनको दफा २८ अनुसार सोहि पालिका भित्रको समान प्रकृतिको अन्य सहकारी संस्थामा सदस्य रहेको पाइएमा ।
(ट) सम्पूर्ण शेयर हस्तान्तरण गरेमा वा शेयर वापतको रकम फिर्ता लिएमा ।

(२) उपदफा (१) मा जेसुकै कुरा लेखिएको भएता पनि कुनै सदस्यले संस्थाबाट प्राप्त गरेको ऋण वा संस्थालाई तिर्नु पर्ने बाँकी बक्यौता भुक्तानी गर्न बाँकी रहेछ भने त्यस्तो सदस्यले र त्यस्तो सदस्यको तर्फबाट धितो वा जमानत बस्ने अरु कुनै सदस्यले संस्थाको सदस्यताबाट राजीनामा गर्न पाउने छैन । राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि निजले संस्थालाई तिर्नुपर्ने दायित्वबाट उन्मुक्ति पाउनेछैन ।

(३) उपदफा (१) (ट) अनुसार शेयर सदस्यले एकाघर सगोलका व्यक्तिहरुका नाउमा मात्र शेयर हस्तान्तरण गर्न पाउनेछ । साविकमा एउटै स्थानीय तहभित्र एकै प्रकृतिको समान तहको एकभन्दा बढी सहकारी संस्थामा सदस्य भएकोमा कुनै एक संस्थाको मात्र सदस्यता कायम रहने छ ।

१३. सदस्यताबाट निष्काशन :

(१) संचालक समितिले छानविन गरी एवं सफाईको मौका समेत दिई कुनै सदस्यलाई निम्न आधारमा बहुमतको निर्णयले सदस्यताबाट निष्काशन गर्न सक्नेछः-
(क) संस्थाको संचालन र प्रगतिमा हानि हुने कुनै किसिमको कार्य गरे गराएमा ।
(ख) संस्थाको स्वीकृत नीति र विनियम बर्खिलाप हुने काम गरे गराएमा ।
(ग) संस्थाको प्रतिष्ठामा आँच आउने खालको कार्य गरे गराएमा ।
(घ) संस्थाको चल अचल सम्पत्ति हिनामिना गरेको प्रमाणित हुन आएमा ।
(ङ) विनियममा व्यवस्था भएबमोजिम सदस्य हुन आवश्यक योग्यता नरहेमा ।

प्रदेश सरकार लुम्बिनी प्रदेश ... बुटवल, नेपाल

दर्ता अधिकारी

(२) उपदफा (१) बमोजिम कुनै सदस्यलाई संचालक समितिले निष्काशन गर्नु अघि सम्बन्धित सदस्यलाई आफूलाई लागेको आरोप सम्बन्धमा स्पष्टीकरण दिने र आरोपको खण्डन गर्ने वा आवश्यक प्रमाण प्रस्तुत गर्न बढीमा ३५ दिनको म्याद दिइनेछ ।

(३) छानविनको क्रममा समितिको बहुमतको निर्णयले सम्बन्धित सदस्यलाई निलम्बन गरी संस्थाबाट कुनै खास सेवा वा सुविधा उपलब्ध गर्न नपाउने गरी बढीमा एक वर्ष सम्मका लागि बन्देज लगाउन सक्नेछ ।

(४) उपदफा (१) र (२) अनुसारको निर्णयमा चित्त नबुझेमा सदस्यले साधारण सभा समक्ष पुनरावेदन गर्न सक्नेछ र साधारण सभाको बहुमतले गरेको निर्णय अन्तिम हुनेछ ।

१४. सदस्यताबाट राजीनामा, शेयर रकम भुक्तानी र पुनः सदस्यता :

(क) सदस्यले संस्थाको सेवा तथा सुविधा आफूलाई आवश्यक छैन भन्ने लागेमा सदस्यताबाट राजीनामा दिन सक्नेछ । तर, सदस्यता छाड्न चाहने सदस्यले संस्थाबाट लिएको ऋण वा अन्य कुनै बाँकी बक्यौता चुक्ता गर्न बाँकी रहेको खण्डमा त्यस्तो सदस्य र निजको जमानी बस्ने कुनै पनि सदस्यको राजीनामा स्विकृत हुने छैन ।

(ख) सदस्य र त्यस्तो सदस्यको जमानत बस्ने सदस्यको राजीनामा स्वीकृत भईसकेको रहेछ भने पनि त्यस्तो व्यक्तिले संस्थालाई तिर्नु बुझाउनुपर्ने दायित्वबाट छुट पाउने छैन ।

(ग) सदस्यताबाट दिएको राजीनामा समितिबाट स्वीकृत भई संस्थाको सदस्यताबाट हटेको व्यक्तिले पुनः सदस्यता प्राप्त गर्न चाहेमा राजीनामा स्वीकृत भएको मितिले एक वर्ष पछि मात्र पुनः रीतपूर्वक निवेदन दिएमा सदस्यता प्राप्त गर्न सक्नेछ ।

(घ) दफा १२ को उपदफा (१) को खण्ड (ग) बमोजिम सदस्यले सदस्यता छाड्नका लागि लिखित राजिनामा आर्थिक बर्ष समाप्त हुनु ३ महिना अगावै आफ्नो कुनै दायित्व भए सो समेत चुक्ता भुक्तान गरी समिति समक्ष पुग्ने गरी पेश गर्नु पर्नेछ । यस्तो राजीनामा चालु आर्थिक वर्षको अन्तिम दिनको भोलीपल्ट देखि लागु हुने गरी समितिले स्वीकृत गर्नेछ ।

(ङ) संस्थाको कुल चुक्ता शेयरपुँजीको १० प्रतिशत भन्दा बढी मूल्यको शेयर खरिद गर्ने सदस्यले सदस्यता छाड्न चाहेमा कम्तिमा ६ महिना अगावै लिखित सूचना दिनु पर्नेछ ।

(च) सदस्यता छाड्न चाहने सदस्यलाई संस्थाको आर्थिक अवस्थाको विश्लेषण गरी शेयरको अंकित मूल्यको आधारमा हिसाव गरी कुनै दायित्व भए सो दायित्व चुक्ता गरेको मितिले ३ महिनाभित्र शेयर रकम फिर्ता गरिनेछ । तर, आवधिक बचतको रकम भने अवधि भुक्तान भएपछि मात्र फिर्ता गर्न सक्नेछ ।

१५. सदस्यको काम, कर्तव्य र अधिकार :

१ सदस्यको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) एक सदस्य एक मतको मताधिकार प्रयोग गर्ने ।

(ख) साधारण सभाबाट निर्वाचित भई संस्थाको व्यवस्थापनको नेतृत्व लिने वा विभिन्न जिम्मेवारीमा सक्रिय सहभागिताको लागि सरिक हुने ।

(ग) संस्थामा नियमित रुपमा बचत गर्ने र सो मा निर्धारित ब्याज प्राप्त गर्ने ।

(घ) संस्थाको बचत तथा ऋण नीतिको आधारमा ऋण प्राप्त गर्ने र सोको किस्ताबन्दी रुपमा साँवा तथा ब्याज नियमित रुपमा भुक्तानी गर्दै जाने ।

(ङ) सदस्य एवं समूहको हितमा संचालकहरुलाई आवश्यक सल्लाह र सहयोग पुऱ्याउने ।

(च) साधारण सभामा सहभागी भई छलफलमा भाग लिने तथा संस्थाको गतिविधिका बारेमा जानकारी लिने।

(छ) साधारण सभाको विभिन्न विषयमा गरिने निर्णयमा आफ्नो मतको प्रयोग गर्ने ।

(ज) संस्थाले सदस्यका लागि संचालन गरेका सुविधाको उपभोग निर्धारित विधि अनुसार गर्ने ।

(झ) सहकारीका प्रचलित कानून र सहकारीका सर्वमान्य सिद्धान्त बमोजिम संस्था नचलेको अवस्थामा संस्थाको स्वीकृत विनियम बमोजिम संस्था शुद्धिकरणको अभियानमा सक्रियता लिने ।

१६. सदस्यता वितरण तथा सदस्य केन्द्रियता :

(क) सहकारी संस्थाको सदस्यता लिन योग्यता पुगेका, कार्यक्षेत्रभित्र बसोवास गरेका तथा संस्थाको सेवा लिन इच्छुक रहेका व्यक्तिलाई संस्थाको सदस्यता खुला रहनेछ । तर निर्वाचन सहित साधारण सभा हुने वर्षमा त्यस्तो निर्वाचन नभएसम्म आर्थिक वर्ष समाप्त भएको मितिले ३ महिनासम्म र अन्य वर्षमा साधारण सभा हुनु १ महिना अघिबाट साधारण सभा सम्पन्न नभएसम्मका लागि सदस्यता वितरण बन्द गर्न सकिनेछ ।

(ख) सहकारी संस्थाको सदस्यता प्राप्ती, पुनः प्राप्ती तथा सदस्यताबाट राजीनामा दिने कार्य स्वेच्छिक हुनेछ ।

(ग) सहकारी संस्थाको सदस्य बन्न योग्यता पुगेको, कार्यक्षेत्रभित्र स्थायी वा लामो अवधि बसोबास गरेको र संस्थाले प्रदान गर्ने सेवा लिन चाहने नेपाली नागरिकलाई कुनै किसिमको कृत्रिम छेकबार लगाइने छैन ।

(घ) संस्थाले आफ्नो कारोबार तथा गतिविधि संचालन गर्दा सदस्य केन्द्रीयतालाई सदैव ध्यान दिनेछ । यस सम्बन्धी सहकारी बिभाग, प्रदेश सरकार तथा स्थानीय तहबाट दिइने निर्देशनलाई पूर्ण परिपालना गरिनेछ ।

१७. सदस्यको दायित्व :

(क) सदस्यको दायित्व आफूले लिएको शेयर रकम सम्म मात्र सीमित रहनेछ ।

(ख) संस्थाको विनियम र निति तथा कार्यविधिको पालना गर्नु सम्पूर्ण सदस्यहरुको दायित्व हुनेछ ।

१८. सदस्यताको दर्ता किताब :

संस्थाले सदस्यहरुको दर्ता किताब अनुसूची-२ बमोजिम राख्नु पर्नेछ ।

परिच्छेद – ४
शेयरपुंजी र शेयर प्रमाणपत्र संबन्धी व्यवस्था

१९. शेयर पूंजी :

(१) संस्थाको सेवा सञ्चालन गर्न पुंजी संकलनका लागि १० लाख कित्ता शेयर सदस्यहरुमा विक्री गरि शेयर पूंजि जुटाइनेछ ।

(२) प्रति कित्ता शेयर को मुल्य रु.१०० (एक सय)को हुनेछ । बिक्री गरिएको शेयर रकम र बचतको अनुपात कम्तिमा १:१० को रहने व्यवस्था समितिले मिलाउनेछ ।

(३) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी शेयर बिक्री गर्ने छैन ।

(४) संस्थाले अर्को प्रारम्भिक सहकारी संस्थाको शेयर खरिद गर्ने छैन । तर, सहकारीको सिद्धान्त बमोजिम सहकारी संस्थाहरु बीच आपसी सम्झौता बमोजिम संयुक्त रुपमा कुनै परियोजना तथा कार्यक्रम संचालन गर्न वा संस्थाको हितका लागि आर्थिक कारोवार एवं अन्तर सहकारी कारोबार संचालन गर्न सक्नेछ ।

(५) संस्थाले वाणिज्य बैंक वा वित्तीय संस्था वा अन्य कम्पनीको शेयर खरिद गर्ने छैन । तर, सहकारी बैंक, संस्था आवद्ध रहेको सहकारीका संघहरु तथा सहकारी संघ संस्था मिलेर संचालन गरिने परियोजना एवम् विशिष्टकृत संघको शेयर खरीद गर्न सक्नेछ ।

(६) संकलित पुंजीको आधारमा उपरोक्तानुसारको कुल शेयरपूँजीमा साधारण सभाबाट अनुमोदन गराउने गरी नियमन गर्ने निकाय वा कार्यालयको स्वीकृति लिई पुंजी वृद्धि गर्दै जानसक्नेछ ।

(७) सदस्यले संस्थागत पूंजी विकास तथा व्यवसाय प्रवर्द्धनका लागि थप शेयर खरिद गर्न सक्नेछन् ।

२०. शेयरको प्रमाणपत्र:

संस्थाले सदस्यहरुलाई शेयर खरीद गरे वापत अनुसूची-३ बमोजिम संस्थाको छाप लागेको, अधिकार प्राप्त पदाधिकारी हस्ताक्षर भएको शेयर प्रमाण पत्र जारी गर्नेछ । शेयर प्रमाणपत्र हराएमा वा नासिएमा रु. ५०।- तिरी सदस्यले अर्को प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् । एकिकरण भएका संस्थावाट स्वत: सदस्य भएका व्यक्तिलाई एकपटक निशुल्क नयां शेयर प्रमाण पत्र उपलब्ध गराइनेछ ।

२१. हकवालाको मनोनयन :

(१) सदस्यले हकवाला मनोनीत गर्दा कम्तीमा दुई जना संस्थाको सदस्यहरुको रोहबरमा लिखत तयार गरी गर्नुपर्नेछ र त्यस्तो लिखतमा मनोनीत गर्ने सदस्य र साक्षीहरु समेतको सहिछाप गरेको हुनुपर्नेछ ।

(२) सदस्यले उपदफा (१) को अधिनमा रही एक भन्दा बढी व्यक्तिलाई मनोनीत गरेको भए त्यस्ता प्रत्येक व्यक्तिलाई हस्तान्तरण हुने शेयर र हकको दामासाही स्पष्ट रुपले लिखतमा खुलाउनु पर्नेछ । अन्यथा प्रचलित कानून अनुसार हुनेछ ।

२२. हक दाबी वा नामसारी :

(१) कुनै सदस्यको मृत्यु भएमा निजको नाममा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने कुनै प्रकारको हक विनियमको दफा २१ बमोजिम मनोनीत गरेको कुनै हकवाला भए सो हकवाला र त्यस्तो हकवाला नभए प्रचलित कानून बमोजिमको हकवालाको नाममा नामसारी गर्न सकिनेछ । तर त्यस्तो हकवाला संस्थाको सदस्यता प्राप्त गर्नका लागि विनियममा तोकिएको योग्यता नभएमा सदस्यको मृत्यु भएको मितिले ६ महिना भित्र सदस्यताको लागि योग्य अरु कुनै हकवालाको नाममा नामसारी गरी पाउं भनी दरखास्त दिन सक्नेछ र संस्थाले सो हकवालाको नाममा नामसारी गरी दिन सक्नेछ ।

(२) उपदफा (१) वमोजिम मृत सदस्यको हक हकवालाले नामसारी गराई लिन नचाहेमा संस्थाले निजले पाउने शेयर र बचत रकम त्यस्तो हकवालालाई फिर्ता गरिदिनेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि मृत सदस्यको हकवाला नावालक रहेमा वा निजको मानसिक सन्तुलन ठीक नरहेमा मृत सदस्यले पाउने सम्पूर्ण रकम कम्तीमा दुई जना साक्षीको रोहवरमा त्यस्तो हकवालाको संरक्षकलाई फिर्ता गरिनेछ ।

(४) उप दफा (१)(२) र (३) मा जे सुकै लेखिए पनि मृतक सदस्यको एकाघर सगोलमा पति वा पत्नी जिवितै रहेको अवस्थामा पहिलो हकवाला निज नै हुनेछन ।

२३. शेयरको हस्तान्तरण वा फिर्ता :

(१) कुनै सदस्यको सदस्यता कायम नरहेमा निजले शेयर खरीद गरी संस्थामा लगानी गरेको रकम निजको दायित्व भए त्यस्तो रकम चुक्ता भुक्तान गरेको मितिले ३ महिनाभित्र फिर्ता पाउनेछ ।

(२) संस्थाले कुनै सदस्यको मृत्यु भएमा वा निको नहुने गरि मगज विग्रेको प्रमाणित भएमा निजको नाउमा रहेको शेयर र संस्थाबाट निजलाई प्राप्त हुने हक निजले कुनै हकवाला मनोनीत गरेको रहेछ भने सो हकवालालाई र नभए प्रचलित कानून वमोजिमको हकवालाको नाउँमा नामसारी गरिदिनेछ ।

२४. प्रवेश शुल्क :

विनियमको दफा ९ अनुसार निवेदन स्वीकार भएको अवस्थामा निवेदकले प्रवेश शुल्क रु १०५।– (एक सय पछि फिर्ता नहुने गरी) वुझाउनु पर्नेछ ।

प्रदेश सरकार लुम्बिनी प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय बुटवल, नेपाल

परिच्छेद – ५

साधारणसभा संवन्धी व्यवस्था

२५. प्रारम्भिक साधारण सभा :

(१) तदर्थ संचालक समितिले संस्था दर्ता भएको मितिले तीन महिना भित्र संस्थाको प्रारम्भिक साधारणसभा वोलाउनु पर्नेछ ।

दर्ता अधिकारी

(२) उपदफा (१) वमोजिम समितिले प्रारम्भिक साधारणसभा नवोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारणसभा वोलाईदिन सम्वन्धित सहकारी कार्यालयमा निवेदन दिएमा वा निरीक्षणवाट साधारण सभा नगरी सहकारी ऐन तथा नियमावली र सो अन्तरगत वनेको कार्यविधिको उल्लंघन भएकोमा त्यस्तो संस्थालाई साधारण सभा वोलाउन निर्देशन दिन सक्नेछ । यसरी निर्देशन दिएकोमा ३५ दिनभित्र साधारण सभा वोलाउनु पर्नेछ ।

(३) संस्थाको कुल सदस्य संख्याको ५१ प्रतिशत सदस्यहरुको उपस्थिति भएमा प्रारम्भिक साधारणसभा संचालन गर्न गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) प्रारम्भिक साधारण सभाले देहायका कार्यहरु गर्नेछ :–

(क) प्रारम्भिक साधारण सभा हुने अघिल्लो दिनसम्मको संस्थाको काम कारवाही र आर्थिक कारोवारको जानकारी लिने ।

(ख) चालु आर्थिक वर्षको लागि वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

(ग) प्रतिवेदन तथा वित्तीय विवरण अनुमोदन गर्ने ।

(घ) विनियममा उल्लेख भए वमोजिम समिति वा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गर्ने ।

(ङ) लेखा परीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(च) आन्तरिक कार्यविधि पारित गर्ने ।

(छ) विनियममा तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

२६. वार्षिक साधारणसभा :

(१) संस्थाका सम्पूर्ण शेयर सदस्यहरु भएको एउटा साधारणसभा हुनेछ । प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले वढीमा ६ महिना भित्र संचालक समितिले वार्षिक साधारणसभा वोलाउने छ ।

(२) उपदफा (१) वमोजिम समितिले प्रारम्भिक साधारणसभा नवोलाएको अवस्थामा कुनै सदस्यले प्रारम्भिक साधारणसभा वोलाईदिन सम्वन्धित सहकारी कार्यालयमा निवेदन दिएमा वा निरीक्षणवाट साधारणसभा नगरी सहकारी ऐन तथा नियमावली र सो अन्तरगत वनेको कार्यविधिको उल्लंघन भएकोमा त्यस्तो संस्थालाई साधारण सभा वोलाउन निर्देशन दिन

सक्नेछ । यसरी निर्देशन दिएकोमा ३५ दिनभित्र साधारण सभा बोलाउनु पर्नेछ । यसरी बोलाएको सभा संचालनको सम्पूर्ण दायित्व संस्थाको हुनेछ ।

(३) वार्षिक साधारण सभाको गणपूरक संख्या त्यस्तो सभाको कुल सदस्य संख्याको ५१ प्रतिशत संख्यामा सदस्यहरु उपस्थित भएमा सभाको काम कारवाही शुरु हुनेछ ।

(४) पहिलो पटक गणपूरक संख्या नपुगी दोश्रो पटक सभा बोलाउनु परेको अवस्थामा सदस्यहरुलाई कम्तिमा ७ दिनको अर्को सूचना दिनु पर्नेछ । दोश्रो पटक साधारण सभा बोलाएकोमा संचालक समितिका सदस्यहरुको बहुमत सहित एक तिहाई सदस्य उपस्थितिलाई गणपूरक संख्या मानिनेछ ।

(५) वार्षिक साधारणसभा बोलाउँदा सभा हुने स्थान, समय र मिति तथा छलफलका विषयहरु समेत खुलेको विवरण कम्तीमा एक्काईस (२१) दिन अगावै सदस्यहरुलाई सार्वजनिक रुपमा सूचना दिनुपर्ने कर्तव्य संचालक समितिले निर्वाह गर्नेछ । यस्तो सूचना संस्थाको कार्यालयमा रहेको सूचना पाटीका अतिरिक्त पत्रिका मार्फत प्रकाशित गरिनेछ । सूचनाको प्रभावकारिताका लागि संचारका विद्युतीय माध्यम समेत प्रयोग गर्न सकिनेछ ।

(६) वार्षिक साधारणसभाको सभापतित्व समितिको अध्यक्षले गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले सभाको सभापतित्व गर्नेछ ।

(७) वार्षिक साधारण सभामा छलफल गरिने सबै विषयहरु प्रस्तावको रुपमा सभाको सभापतित्व गरेको सदस्यले पेश गर्नु पर्नेछ र त्यस्तो प्रस्ताव सभामा उपस्थित सदस्यहरुको बहुमतबाट निर्णय गरिने छ । मत बराबर भएमा सभापतिले निर्णायक मत दिनु पर्नेछ ।

(८) यस विनियममा अन्यत्र जे सुकै लेखिएको भए पनि सदस्यको सुविधा, सहजता र साधारण सभामा सकृय सहभागिताका लागि सहकारी ऐन २०७६ को दफा ३६ (५) अनुसार साधारण सभाको कार्यविधि जारी गरि क्षेत्रिय साधारण सभा गर्न सकिनेछ ।

२७. वार्षिक साधारणसभाको काम, कर्तव्य र अधिकार :

(१) साधारण सभाका काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:-

(क) वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(ख) वार्षिक लेखा परीक्षण प्रतिवेदन अनुमोदन गर्ने ।

(ग) समिति तथा लेखा सुपरीवेक्षणसमितिको निर्वाचन तथा विघटन गर्ने ।

(घ) संचालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई पदबाट हटाउने ।

(ङ) समिति वा लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने ।

(च) विनियम संशोधन तथा आन्तरिक कार्यविधि अनुमोदन गर्ने ।

(छ) लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(ज) संस्था एकीकरण तथा विघटन सम्वन्धी निर्णय गर्ने ।

(झ) पारिश्रमिक लगायत सुविधा तोक्ने ।

(ञ) बाह्य दायित्व स्वीकार गर्ने ।

(ट) सदस्यको दायित्व मिन्हा दिने निर्णय गर्ने ।

(ठ) समितिलाई आवश्यक निर्देशन दिने ।

(ड) सदस्यको पुनरावेदनमा निर्णय दिने ।

(ढ) शेयर लाभांस वितरणको लागि स्विकृति दिने ।

(ण) अध्यक्ष र लेखा सुपरिवेक्षण समितिका संयोजकको राजिनामा स्विकृत गर्ने ।

(त) संस्थाको लागि आवश्यक कर्मचारी दरवन्दि स्विकृत गर्ने ।

विनियममा तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

(२) साधारणसभाको निर्णयहरु प्रमाणित गर्न संचालक समितिका बहुमत संचालकहरु र प्रत्येक सेवाकेन्द्रका १ जनाका दरले शेयर सदस्यहरु सभाले छनौट गर्नेछ । निर्णय पुस्तिका सूरक्षित राख्नुपर्ने दायित्व संस्थाका प्रमुख कार्यकारी अधिकृत वा अध्यक्ष स्वंयले जिम्मा लिने व्यवस्था मिलाइनेछ । निर्णय प्रमाणित गर्ने कार्य संस्थाका अध्यक्षको हुनेछ ।

(३) संस्था विघटन, एकीकरण वा बिभाजन गर्नुपर्ने भएमा सहकारी ऐन, नियम बमोजिमको प्रकृया पुऱ्याई गरिनेछ ।

(४) यस विनियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहाएको विषयमा साधारणसभाको निर्णय अनिवार्य हुनेछ :-

(क) संस्थाको कार्य सञ्चालनको लागि मानवश्रोत व्यवस्थापन, आर्थिक प्रशासन, परामर्शदाता नियुक्ति लगायतका कार्यविधिहरु बनाउने ।

दर्ता अधिकारी

(ख) संस्थाले नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहका निकाय अन्य सहकारी संघसंस्था, गैरसरकारी संघसंस्थासँगको साझेदारीमा कुनै काम गर्ने सम्बन्धमा निर्णय लिने ।

(ग) निजि क्षेत्रको कुनै उद्योग, व्यवसायसँग संस्थाले व्यावसायिक सम्झौता गर्नुपर्ने अवस्थामा त्यस्तो सम्झौताको ढाँचा समेत तोकी पूर्व-स्वीकृती दिने ।

(घ) संस्थाको अन्य दीर्घकालीन दायित्व सिर्जना गर्ने विषयमा ।

(ङ) सञ्चालक वा लेखा सुपरीवेक्षण समिति वा शेयर सदस्यहरुको सुविधा तोक्ने वा संस्थाको खर्चमा निजहरुलाई विदेशमा सभा, तालिम वा अवलोकन भ्रमणमा पठाउने ।

२८. विशेष साधारण सभा :

(१) संस्थाको विशेष साधारणसभा देहायको अवस्थामा १५ दिनको सूचना दिई संचालक समितिले बोलाउन सक्नेछ । सूचना गर्ने प्रक्रिया नियमित साधारण सभा झैं अवलम्बन गरिनेछः-

(क) ऐन बमोजिमको अवस्था परी लेखा सुपरीवेक्षण समितिको सिफारिसमा,

(ख) कुनै संचालकले उचित कारण खोली विशेष साधारणसभा बोलाउन माँग गरेको प्रस्ताव समितिद्वारा पारित भएमा,

(ग) समितिले कुनै खास कामको लागि विशेष साधारण सभा बोलाउने निर्णय गरेमा,

(घ) विशेष साधारण सभा बोलाउनु पर्ने कारण खुलाई १५ प्रतिशत सदस्यले समिति समक्ष निवेदन दिएमा,

(ङ) ऐनको दफा ३६ बमोजिम दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले विशेष साधारण सभा बोलाउने निर्देशन दिएमा,

(२) विशेष साधारणसभाका लागि गणपूरक संख्या कूल सदस्य संख्याको ५१ प्रतिशत हुनेछ ।

(३) विशेष साधारणसभाको अध्यक्षता समितिको अध्यक्षले, अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र निजको पनि अनुपस्थितिमा उपस्थित सदस्यहरुबाट छानिएका सदस्यले गर्नेछन् ।

(४) यो सभा जुन प्रयोजनका लागि डाकिएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय गरिनेछ ।

२९. साधारण सभाको स्वीकृति लिनु पर्ने :

संचालक समितिले यस विनियममा उल्लेख भएका कुराहरुको अतिरिक्त संस्थाको लागि जमीन खरिद वा भवन निर्माण गर्न, ठुलो लगानी आवश्यक पर्ने परियोजना संचालन गर्न, स्थिर सम्पत्ति बिक्री गर्न, सदस्यले लिएको ऋणको सांवा मिन्हा गर्न तथा संस्थालाई दीर्घकालिन असर पर्ने आर्थिक कारोबारको सम्झौता गर्दा साधारण सभाको स्वीकृति लिनु आवश्यक हुनेछ ।

३०. साधारण सभामा प्रतिवेदन प्रस्तुत गर्नु पर्ने :

समितिले साधारण सभामा प्रस्तुत गर्ने वार्षिक कारोबार र लेखा परीक्षण प्रतिवेदन, आगामी वर्षको वार्षिक कार्यक्रम तथा बजेट, संस्थाको रणनीतिक व्यवसायिक योजना तयार पारेको भए सो दस्तावेज, कर्मचारी दरवन्दी थप गर्नु पर्ने भए सो तथा संस्थाको कोष वितरण सम्बन्धी नीति लगायतका सबै प्रतिवेदनहरु अध्यक्ष मार्फत प्रस्तावका रुपमा पेश गर्नु पर्नेछ ।

परिच्छेद-६

संचालक समिति र लेखा समितिको गठन, काम, कर्तव्य र अधिकार

३१. संचालक समितिको गठन :

(१) संस्थामा ११ जना संचालकहरु रहेको एउटा संचालक समिति रहनेछ । यस समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष र बाँकी सदस्य रहनेछन । एक जना कोषाध्यक्ष सहित संचालक समितिमा ३३ प्रतिशत महिलाको प्रतिनिधित्व सुनिश्चित गरिनेछ ।

(२) सञ्चालक समितिको निर्वाचन यस विनियममा तोकिए बमोजिम निर्वाचन निर्देशिकाका आधारमा निर्वाचन समिति बनाई प्रजातान्त्रिक प्रक्रिया अनुरुप सम्पन्न गरिनेछ ।

(३) सञ्चालकको पद कुनै कारणबाट रिक्त हुन आएमा बाँकी अवधिका लागि साधारणसभाबाट पूर्ति गरिनेछ ।

(४) संस्थाको सञ्चालक समितिको अध्यक्ष पदमा उम्मेदवार हुन एक अवधि सञ्चालक समितिमा निर्वाचित भएको हुनु पर्नेछ । यसका लागि एकिकरण भएका संस्थाको सञ्चालक समिति, लेखा सुपरिवेक्षण समिति वा एकिकृत संस्थाको सेवाकेन्द्र व्यवस्थापन उपसमितिको संयोजक र सदस्य, विभिन्न उपसमितिमा रहेको समेत योग्य मानिनेछ ।

(५) संस्थाको सदस्यता प्राप्त गरेको २ वर्ष पुरा नभएको व्यक्ति सञ्चालक समितिको कुनै पनि पदमा उम्मेदवार हुन योग्य मानिने छैन ।

(६) सञ्चालक समितिको निर्वाचनका लागि भुगोल र सदस्य संख्याका आधारमा सबै क्षेत्र समेट्ने गरि निर्वाचन निर्देशिका साधारण सभाले जारी गर्न सक्नेछ ।

३२. संचालकहरुको पदावधि :

(१) संचालकहरुको पदावधि निर्वाचन सम्पन्न भएको मितिले ४ वर्षको हुनेछ । संचालकहरु संचालक समितिमा पुनः निर्वाचित हुन सक्नेछन् ।

(२) कुनै संचालकको पद कुनै कारणवाट रिक्त भएमा बाँकी अवधिका लागि सो रिक्त पदको पूर्ति साधारण सभाबाट निर्वाचनद्धारा मात्र गर्न सकिनेछ । तर साधारण सभाको निर्णयबाट सम्पूर्ण समिति भंग वा विघटन गरिएमा नयाँ निर्वाचित समितिका पदाधिकारीको पदावधि पुरा अवधिको लागि हुनेछ ।

(३) नयाँ समितिको निर्वाचन नभएसम्म साविककै समितिले विनियममा व्यवस्था भए बमोजिम संस्थाको कार्य संचालन गर्नेछ ।

(४) संस्थाको संञ्चालक तथा लेखा सुपरिवेक्षण समितिमा कुनै पनि व्यक्ति लगातार २ कार्यकाल भन्दा बढि सोहि पदमा निर्वाचित हुन पाउने छैन । यो विनियम पुर्नलेखन स्विकृत हुनु पुर्बकोलाई समेत गणना गरिने छ ।

३३. समितिको बैठक :

(१) संस्थाको कार्यसंचालनको लागि समितिको बैठक नियमित रुपमा बस्नेछ । समितिको दुई बैठक बीच ४५ दिन भन्दा बढीको अन्तर हुनेछैन । अध्यक्ष स्वंयले वा अध्यक्षको निर्देशानुसार तोकिएको मिति, स्थान र समयमा सचिवले समितिको बैठक बोलाउनेछ ।

(२) अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ । अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ ।

(३) समितिका बहुमत संचालकहरु बैठकमा उपस्थित भए बैठक संचालनको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) समितिका कम्तीमा बहुमत संचालकहरुले समितिको बैठक डाक्न अध्यक्षलाई लिखित सूचना गरेमा ७ दिन भित्र समितिको बैठक बस्ने व्यवस्था गरिनेछ ।

(५) बैठकको निर्णय अध्यक्षता गर्ने व्यक्तिका साथै बहुमत संचालकहरुले प्रमाणित गरेको हुनु पर्नेछ ।

३४. संचालकको पदमा बहाल रहन नसक्ने अवस्था :

देहायका अवस्थामा समितिको संचालक पद रिक्त भएको मानिनेछ :-

(क) निजले दिएको राजीनामा समितिले स्वीकृत भएमा ।

(ख) निजलाई साधारण सभाले आवश्यक प्रक्रिया पूरा गरी हटाउने निर्णय गरेमा

(ग) निज अर्को सहकारी संस्थाको संचालक तथा एकै प्रकृतिको सहकारी संस्थाको शेयर सदस्य रहेको प्रमाणित भएमा ।

(घ) निज कुनै पनि सहकारी संस्थाको कर्मचारी रहेमा ।

(ङ) निज सोही वा अर्को सहकारी संस्थाको लेखा सुपरीवेक्षण समितिको पदमा रहेमा,

(च) निजको मृत्यु भएमा ।

(छ) विना सूचना लगातार ३ महिना सम्म बैठकमा अनुपस्थित भएमा ।

(ज) पदावधि समाप्त भएमा ।

३५. संचालकलाई पदवाट हटाउन सकिने :

(१) साधारणसभाले बहुमतको निर्णयबाट देहायको अवस्थामा संचालकलाई पदवाट हटाउन सक्नेछः

(क) आर्थिक हिनामिना गरी संस्थालाई हानी नोक्सानी पुऱ्याएमा,

(ख) अनाधिकृत तवरले संस्थाको कारोबार सम्वन्धी विषयको गोपनियता भंग गरेमा,

(ग) सहकारीको कारोबार र व्यवसायसंग प्रतिस्पर्धा हुने गरी समान प्रकृतिको कारोबार वा व्यवसाय गरेमा,

(घ) संस्थाको अहित हुने कुनै कार्य गरेमा,

(ङ) निज शारीरिक वा मानसिक रुपमा कार्य गर्न नसक्ने भएमा,

(च) संचालकको निम्ति ऐन, नियमावली वा विनियममा तोकिएको योग्यता नरहेमा ।

(२) कुनै संचालकलाई समितिको पदवाट हटाउने निर्णय गर्नु अघि त्यस्तो संचालकलाई साधारण सभा समक्ष सफाई पेश गर्ने मनासिब माफिकको मौका दिइनेछ ।

(३) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै संचालकले सफाई पेश नगरेमा वा निजले पेश गरेको सफाई सन्तोषजनक नभएमा साधारण सभाले त्यस्तो संचालकलाई पदबाट हटाउन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पदबाट हटाइएको सदस्य समितिको दुई कार्यकालसम्मको निर्वाचनमा उम्मेदवार बन्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम कुनै संचालक पदबाट हटेमा त्यस्तो पदमा साधारण सभाले बांकी अवधिको लागि अर्को संचालकको निर्वाचन गर्नेछ ।

३६. स्वार्थ बाझिने निर्णय प्रकृयामा संलग्न हुन नहुने :

(१) संचालकले आफ्नो निजी स्वार्थ भएको कुनै पनि निर्णय प्रकृयामा भाग लिन हुदैन ।

(२) संचालकले आफुलाई मात्र व्यक्तिगत फाइदा हुने गरी सहकारी संस्थामा कुनै निर्णय गर्न गराउन हुदैन।

(३) संचालकले उपदफा (१) र (२) को विपरीत हुने गरी वा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई कुनै काम कारवाही गरे गराएमा त्यस्तो काम कारवाही प्रति त्यस्तो संचालक व्यक्तिगत रुपमा उत्तरदायी हुनेछ र त्यस्तो काम कारवाहीबाट सहकारी संस्थाको, सदस्य वा अन्य कुनै व्यक्तिलाई हानी नोक्सानी हुन गएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट असूल उपर गरिनेछ ।

३७. संचालक समितिको काम, कर्तव्य र अधिकार :

सदस्यहरुको हितलाई ध्यानमा राखी संचालक समितिले देहाय बमोजिमका कार्यहरु गर्नेछ:-

(क) सहकारी मूल्य, मान्यता र सिद्धान्त बमोजिम सहकारी संस्थाको संचालन गर्ने ।

(ख) आर्थिक तथा प्रशासकीय कार्य गराउने ।

(ग) प्रारम्भिक साधारण सभा, वार्षिक साधारण सभा तथा विशेष साधारण सभा बोलाउने ।

(घ) साधारण सभाका निर्णयहरु कार्यान्वयन गर्ने, गराउने ।

(ङ) सहकारी संस्थाको नीति, योजना, बजेट तथा वार्षिक कार्यक्रमको तर्जुमा गरी साधारण सभा समक्ष पेश गर्ने।

(च) सहकारी संस्थाको सदस्यता प्रदान गर्ने तथा सदस्यताबाट हटाउने ।

(छ) शेयर नामसारी तथा फिर्ता सम्बन्धी कार्य गर्ने ।

(ज) सम्बन्धित संघको सदस्यता लिने ।

(झ) विनियम तथा आन्तरिक कार्यविधि तयार पारी साधारणसभामा पेश गर्ने ।

(ञ) सहकारी संस्थाको कार्यक्षेत्र भित्र रही सहकारी संस्थाको कारोबार तथा व्यवसायको हित प्रवर्द्धनका लागि आवश्यक कार्य गर्ने, गराउने ।

(ट) संस्थाको समग्र कार्य संचालनमा सदस्यहरुको रचनात्मक सहभागिता सुनिश्चित गर्ने ।

(ठ) सदस्यहरुलाई नियमित रुपमा सहकारी शिक्षा प्रदान गर्ने व्यवस्था मिलाउने ।

(ड) सहकारी ऐन तथा नियमावली बमोजिम गरिने निरीक्षण तथा अनुगमनमा सहयोग पुराउने र प्राप्त भएका निर्देशनहरुको कार्यान्वयनको व्यवस्था मिलाउने ।

(ढ) लेखा सुपरीवेक्षण समितिबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने गराउने ।

(ण) संस्थाको कार्यसंचालनमा पारदर्शिता कायम राखी सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी प्रचलित कानून बमोजिमका व्यवस्थाहरुको कार्यान्वयन गर्ने, गराउने ।

(त) आवश्यकता अनुसार कार्यदल तथा उपसमितिहरु गठन, विघटन तथा जिम्मेवारी र कार्यावधि बनाउने ।

(थ) सदस्य तथा पदाधिकारीहरुका लागि आचार संहिता बनाई लागु गर्ने ।

(द) संचालक समितिका सदस्यहरुको जिम्मेवारी एवं कामको बाँडफांड गर्ने ।

(ध) सल्लाहकारको मनोनयन गर्ने वा हटाउने वा परिवर्तन गर्ने ।

(न) संस्थाको स्वीकृत दरबन्दीमा योग्यताका आधारमा प्रमुख कार्यकारी अधिकृत लगायत अन्य कर्मचारी छनौट गरी नियुक्ति गर्ने र कर्मचारीहरुको तलब भत्ता एवं सुविधा निर्धारण गर्ने ।

(प) लेखा सुपरीवेक्षण समितिको सिफारिसका आधारमा आवश्यकता अनुसार आन्तरिक लेखा परीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(फ) संचालक समिति र लेखा समितिका रिक्त पद पूर्ति वा संचालकहरुको पदावधि सकिनु अगावै नयाँ समिति निर्वाचनको कार्य निष्पक्ष र स्वतन्त्र ढंगले सम्पन्न गर्न तोकिए बमोजिम निर्वाचन समिति गठन गर्ने ।

(ब) विनियममा उल्लेखित तथा तोकिए बमोजिम अन्य कार्य गर्ने ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

दर्ता अधिकारी

३८. **संचालकहरुको काम, कर्तव्य र अधिकार :**

(१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) समितिको बैठक तथा साधारणसभाको बैठकको अध्यक्षता गर्ने ।

(ख) साधारणसभाद्वारा स्वीकृत वार्षिक कार्यक्रम तथा निर्णय र संचालक समितिका निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

(ग) संस्थाको चल, अचल सम्पत्तिको रेखदेख, संरक्षण एवं उचित प्रयोगको व्यवस्था मिलाउने ।

(घ) संचालकहरुलाई आ-आफ्नो जिम्मेवारी वहन गर्न गराउन सहयोग र समन्वय गर्ने साथै आवश्यक निर्देशन दिने ।

(ङ) संचालकका कुनै सदस्यले दिएको राजीनामा उचित आधारमा स्वीकृत गर्न वा नगर्न राय साथ समितिमा निर्णयका लागि पेश गर्ने ।

(च) संस्थाको काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार अन्य संघ, संस्था वा निकायमा संस्थाको तर्फवाट प्रतिनिधित्व गर्ने गराउने ।

(छ) समितिको बैठक नबसेको अवस्थामा अपर्झट कुनै कार्य गर्न आवश्यक भएको र तत्कालमा उक्त कार्य नभए संस्थालाई हानि नोक्सानी हुने भएमा सो कार्य गरी वा गराई आगामी बैठकमा अनुमोदनको लागि पेश गर्ने ।

(ज) साधारणसभा तथा समितिको बैठकमा कुनै विषयमा मतदान भै मत बराबर भएमा निर्णायक मत दिने ।

(झ) संस्थाको कुनै काम कारवाहीको सम्बन्धमा आवश्यकतानुसार जांचबुझ वा निरीक्षण गर्ने, गराउने।

(ञ) संस्थालाई नेतृत्व प्रदान गर्ने र यसका लागि सदैव सक्रिय रहने ।

(ट) संस्थाको हित तथा उद्देश्य प्राप्तिका लागि आवश्यक पहल गर्ने ।

(ठ) विनियमका व्यवस्थाहरुको पूर्ण पालना गर्न गराउन तदारुकता देखाउने ।

(ड) सहकारीका सिद्धान्तहरु, सहकारी ऐन तथा नियमावली, र दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशनहरुको पालना गर्ने गराउने ।

(ढ) सहकारी मन्त्रालय, सहकारी विभाग वा नियामक निकायले निर्धारण गरे बमोजिम दिनु पर्ने सूचना तथा प्रतिवेदनहरु समयमानै उपलब्ध गराउने ।

(ण) सहकारी मन्त्रालय, सहकारी विभाग वा सहकारी नियमन गर्ने प्रदेश सरकारको मन्त्रालय वा स्थानीय तह तथा संस्था आवद्ध सम्वन्धित संघबाट गरिने अनुगमन निरीक्षण कार्यमा सहयोग गर्ने एवं प्राप्त निर्देशन र सुझावहरुको पालना गर्ने गराउने ।

(२) उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) अध्यक्षको काममा सहयोग पुऱ्याउने ।

(ख) अध्यक्षले लिखित रुपमा प्रत्यायोजित गरेका वा तोकेका कार्यहरु गर्ने ।

(ग) अध्यक्षको अनुपस्थितिमा अध्यक्षले गर्ने सम्पूर्ण कार्यहरु गर्ने ।

(घ) समितिको बैठकमा अन्य सदस्य सरह भाग लिने र निर्णयमा मत दिने ।

(ङ) सदस्यहरुले दिएको गुनासो तथा उजुरी सम्बन्धमा आवश्यक राय सहित समितिमा पेश गर्ने ।

(च) संस्थाको योजना, वार्षिक कार्यक्रम तथा वजेट कार्यान्वयनको अनुगमन गर्ने गराउने ।

(छ) साधारण सभा वा समितिको निर्णय अनुसार तोकिएको जिम्मेवारी वहन गर्ने ।

(३) सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) अध्यक्षको निर्देशानुसार साधारण सभाको अधिवेशन तथा समितिको वैठक बोलाउने,

(ख) साधारणसभा तथा समितिद्वारा पारित निर्णयहरु कार्यान्वयन गर्ने, गराउने

(ग) साधारणसभाको अधिवेशन र समितिको बैठकको कार्यसूची तयार गर्ने, सूचना निकाल्ने, वैठकको निर्णय पुस्तिका राख्ने र निर्णयहरु सदस्यहरुलाई पठाउने ।

(घ) साधारणसभावाट निर्णय गर्नुपर्ने कुनै निर्णयहरु भए पुनः छलफल एवं निर्णयार्थ पेश गर्ने ।

(ङ) साधारणसभा र संचालक समितिवाट भएको निर्णयहरु कार्यान्वयन गर्ने गराउने ।

(च) कर्मचारी प्रशासन सम्बन्धी कार्यमा अध्यक्षलाई सहयोग पुराउने ।

(छ) संस्थाको दैनिक प्रशासनिक कार्य प्रवन्ध गराउन समितिले तोके अनुसार कार्य गर्ने ।

(ज) अध्यक्षले तोकेको अन्य काम गर्ने गराउने ।

दर्ता अधिकारी

(४) कोषाध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-
(क) संस्थाको आर्थिक कारोवार सम्वन्धी जानकारी लिने ।
(ख) संस्थाको अभिलेखलाई चुस्त दुरुस्त राख्नका लागि निरीक्षण गरी निर्देशन दिने ।
(ग) साधारणसभा तथा समितिले मागेका संस्थाको दैनिक कारोवार संग सम्वन्धित विवरण उपलव्ध गराउने।
(घ) संस्थाको शेयर तथा पूंजी प्रवर्द्धन सम्वन्धी नीति, योजना, कार्यक्रम तयार पारी समितिमा पेश गर्ने।
(ङ) संस्थाको आम्दानी तथा खर्चका सम्वन्धमा आवश्यक नीति, कार्यविधि निर्माणमा सहयोग गर्ने।
(च) संस्थाको नगद मौज्दात तथा व्यवसायिक कारोबारको समय समयमा परीक्षण गरी सुधार गर्नु पर्ने भएमा सुझाव समेत प्रतिवेदन पेश गर्ने ।

(५) संचालक सदस्यको काम, कर्तव्य र अधिकार देहाय वमोजिमको हुनेछ :-
(क) संचालक समितिको वैठकमा नियमित रुपमा सहभागी हुने ।
(ख) संस्थाको हित र विकास कार्यमा आवश्यक सहयोग पुऱ्याउने ।
(ग) निर्णय अनुसार विभिन्न उप समितिहरुमा रही तोकिएको जिम्मेवारी वहन गर्ने ।
(घ) वैठकवाट गरिने निर्णयहरु संस्थाको हितका लागि हुनु पर्ने विषयमा सजग रहने ।
(ङ.) सहकारीका सर्वमान्य सिद्धान्तहरु, सहकारी ऐन नियम, संस्थाको स्वीकृत विनियमावली र अन्य नीतिहरुको वर्खिलाप हुने गरी संस्था संचालन हुन नदिने ।
(च) संस्थाले संचालन गरेको क्षमता विकास सम्वन्धी तालिम तथा गोष्ठीहरुमा सकृयतापूवर्क भाग लिने ।
(छ) संस्थासंग आवद्ध सम्पूर्ण सदस्यहरुको प्रतिनिधीको रुपमा सदस्यहरुको हित प्रवर्द्धन हुने काम गर्ने गराउने ।

३९. समितिको विघटन :
(१) साधारण सभाले देहायको अवस्थामा समितिको विघटन गर्न सक्नेछः
(क) समितिको वदनियतपूर्ण कार्यवाट सहकारी संस्थाको कारोवार जोखिममा परेमा,
(ख) सहकारी संस्थाले तिर्नु पर्ने दायित्व तोकिएको समयभित्र भुक्तान गर्न नसकेमा,
(ग) विनियममा उल्लेखित उद्देश्य र कार्य विपरीतको काम गरेमा,
(घ) समितिले आफ्नो जिम्मेवारी पूरा नगरेमा,
(ङ) सहकारी ऐन, सहकारी नियमावलीमा उल्लेखित शर्त वा दर्ता अधिकारी ले दिएको निर्देशनको वारम्वार उल्लंघन गरेमा ॥
(२) उपदफा (१) बमोजिम समिति बिघटन भएमा साधारण सभाले नयाँ समितिको निर्वाचन गर्नेछ ।
(३) दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारीले दिएको निर्देशन पालना नगरेमा वा ऐनको दफा ३६(१) बमोजिम पेश भएको प्रतिबेदन समेतका आधारमा सुधारका लागि तोकिएको समयभित्र सुधार नगरेमा,
(४) उपदफा (३) बमोजिम समितिको विघटन भएकोमा दर्ता अधिकारी वा दर्ता अधिकारीबाट अधिकार प्राप्त अधिकारीले संस्थाको दैनिक काम काज संचालन गर्न तथा संस्थाको निर्वाचन गराउन एक तदर्थ समिति गठन गर्नेछ ।
(५) दर्ता अधिकारी वा दर्ता अधिकारीवाट अधिकार प्राप्त अधिकारीले निर्वाचन गराउंदा लागेको सम्पूर्ण खर्च संस्थाले व्यहोर्नेछ ।

४०. लेखा सुपरीवेक्षण समितिको गठन :
(१) सहकारी संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई सुदृढ गर्न तोकिए बमोजिम योग्यता पुगेको एक संयोजक र दुई सदस्यहरु रहने गरी साधारण सभाले निर्वाचनवाट लेखा सुपरीवेक्षण समिति गठन गर्नेछ।
(२) एउटै परिवारको एकभन्दा वढी व्यक्ति एकै अवधिमा एउटै सहकारी संस्थाको संचालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य पदमा उम्मेदवार वन्न र निर्वाचित हुन सक्नेछैन ।

४१. लेखा सुपरीवेक्षण समितिको वैठक :
लेखा समितिको वैठक कम्तीमा वर्षको ४ (चार) पटक वस्नेछ । वैठक वोलाउने अधिकार संयोजकलाई हुनेछ ।

४२. लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार :
(१) लेखा सुपरीवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः
(क) प्रत्येक त्रैमासिकमा सहकारी संस्थाको आन्तरिक लेखा परीक्षण गर्ने, गराउने ।
(ख) आन्तरिक लेखा परीक्षण गर्दा लेखा परीक्षणका आधारभूत सिद्धान्तहरुको पालना गर्ने, गराउने ।

(ग) वित्तीय तथा आर्थिक कारोबारहरुको निरीक्षण तथा मूल्यांकन गर्ने, गराउने ।
(घ) समितिको काम कारवाहीको नियमित सुपरीवेक्षण गर्ने र समितिलाई आवश्यक सुझाव दिने ।
(ङ) साधारण सभाको निर्देशन, निर्णय तथा समितिको निर्णय कार्यान्वयन भए नभएको अनुगमन गर्ने ।
(च) लेखा सम्बन्धी प्रतिवेदन र समितिको काम कारवाहीको सुपरीवेक्षण सम्बन्धी वार्षिक प्रतिवेदन साधारण सभा समक्ष पेश गर्ने ।
(छ) आफुले पटक पटक दिएका सुझावहरुको कार्यान्वयन नभएको कारणबाट संस्थाको हितमा प्रतिकूल असर परेमा वा नगद तथा जिन्सी व्यापक रुपमा हिनामिना वा अनियमितता भएको वा संस्था गम्भीर आर्थिक संकटमा पर्न लागेकोमा सो को कारण खुलाई समिति समक्ष विशेष साधारण सभा बोलाउन सिफारिस गर्ने ।
(ज) आवश्यक परेमा आन्तरिक लेखापरीक्षक नियुक्तिका लागि १ जनाको नाम संचालक समितिमा सिफारिस गर्ने ।
(२) लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्यलाई संस्थाको आर्थिक तथा दैनिक प्रशासनिक कार्यमा सहभागी गराइन सकिने छैन।

४३. लेखा सुपरीवेक्षण समितिको योग्यता :

संस्थाको लेखा सुपरीवेक्षण समितिको संयोजक तथा सदस्य हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :
(१) सम्बन्धित सहकारी संस्थाको सदस्यता लिएको ३ (तीन) वर्ष पुरा भएको । तर प्रारम्भिक साधारण सभाबाट निर्वाचित हुने लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यहरुको हकमा यो खण्ड लागु हुने छैन ।
(२) संस्थालाई तिर्नु बुझाउनु पर्ने बेरुजु वा भाखा नाघेको कर्जा वा बक्यौता रकम नरहेको ।
(३) संस्थाले आफै वा अन्य निकायको तर्फबाट आयोजना गरिने लेखापालन वा लेखा परीक्षणसंग सम्बन्धित तालिम लिएको ।

४४. लेखा सुपरिवेक्षण समितिका पदाधिकारीहरुको पदावधि :

(१) लेखा सुपरिवेक्षण समितिको पदावधि ४ वर्षको हुनेछ । नयाँ समितिको गठन नहुन्जेल सम्मका लागि पुरानै समितिले कामकाज चलाउनेछ ।
(२) लेखा सुपरिवेक्षण समितिका संयोजक तथा सदस्यहरुलाई आफ्नो जिम्मेवारी तथा कर्तव्य पालना नगरेमा वा बदनियतपूर्वक कार्य गरेमा वा आफु बहाल रहेको संस्था वा अन्य संस्थामा संचालक वा कर्मचारी रहेमा वा अन्य संस्थामा लेखा समिति, वा उपसमिति वा सल्लाहकार समितिमा बहाल रहेमा साधारण सभाले पदमुक्त गर्न सक्नेछ ।
(३) निजहरु पुन: समितिमा निर्वाचित हुन सक्नेछन् । तर, उपदफा (२) बमोजिम हटाइएको अवस्थामा कम्तिमा दुई कार्यकाल निजहरु संचालक समिति वा लेखा सुपरीवेक्षण समितिको उम्मेदवार हुन सक्ने छैनन् ।

४५. आन्तरिक हिसाव जाँच तथा प्रतिवेदनको व्यवस्था :

(१) समिति र उपसमितिहरुले गरेका काम कारवाही र खर्च संस्थाको विनियम, सहकारी सिद्धान्त र नियम सम्मत छ छैन ।
(२) संस्थाको कुनै काम कारवाहीबाट हुने हानि नोक्सानी न्युनिकरण गर्न व्यवस्थापनबाट तुरुन्त उचित सुधारात्मक कदमहरु चाल्नका लागि समस्याका कारण तथा सुधारका उपाय सहित समिति समक्ष अनुरोध गर्ने।
(३) लेखा समितिले साधारणसभामा पेश गर्ने प्रतिवेदनमा देहायका विवरण समेटिएको हुनेछ :
(क) समितिको बैठक बसेको संख्या ।
(ख) गत वर्ष दिइएको सुझाव कार्यान्वयनको अवस्था ।
(ग) अघिल्लो आर्थिक वर्ष र प्रतिवेदन पेश गरिने आर्थिक वर्षको तुलनात्मक आर्थिक विवरण ।
(घ) प्रतिवेदन गरिने आर्थिक वर्षको मुख्य मुख्य आर्थिक उपलब्धि एवं कारोवारका कमजोर पक्षहरु ।
(ङ) सहकारी सिद्धान्तहरु, सहकारी ऐन नियमहरु एवं संस्थाको विनियमका व्यवस्थाहरुको पालनाको अवस्था,
(च) संस्थाको स्वीकृत बचत तथा ऋण नीति एवं अन्य नीतिहरुको पालनाको अवस्था ।
(छ) कर्मचारी व्यवस्थापनका सवल पक्षहरु र दुर्वल पक्षहरु ।
(ज) संचालक समितिको कार्य प्रणाली र त्यसमा सुधार गर्नु पर्ने पक्षहरु ।
(झ) गत वर्ष सम्पन्न लेखापरीक्षणको गुणस्तर र सुधारका सुझावहरु ।
(ञ) सम्बन्धित सहकारी नियमनकारी निकाय वा आफ्नो संस्था आवद्ध रहेको संघले संस्थाको कारोवारको जाँच वा अनुगमन गर्दा देखिएका कैफियत, संचालकहरुलाई दिइएको मुख्य मुख्य सुझावको विवरण तथा पालनाको अवस्था ।
(ट) संस्था संचालनमा व्यवस्थापन पक्षको समग्र मूल्यांकनः प्रभावकारिता, दक्षता, कियाशीलता,कर्मचारीको मनोवलको अवस्था, व्यावसायिकता आदि पक्ष ।

प्रदेश सरकार गण्डकी प्रदेश ... कृषि तथा सहकारी ... दर्ता अधिकारी

परिच्छेद-७

उप समितिहरुको गठन, काम, कर्तव्य र अधिकार

४६. उपसमितिहरुको गठन :

(१) संचालक समितिले नियमित वा पटके रुपमा सम्पादन गर्नुपर्ने कार्यमा सघाउंन तथा सदस्यलाई प्रदान गरिने सेवालाई प्रभावकारी बनाउनको लागि स्थायी तथा निश्चित अवधिका लागि विभिन्न उपसमितिहरुको गठन गर्न सक्नेछ । यसरी गठन हुने उप समितिको काम कर्तब्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

(२) उपसमितिमा एक संयोजक र सामान्यतया दुई सदस्यहरु रहनेछन् । समितिले तोकेको संस्थाको संचालक संयोजक र बाँकी दुईजना सदस्यहरु शेयर सदस्यहरु मध्येबाट मनोनयन गरिनेछ ।

(३) विषेशज्ञ सेवा आवश्यक पर्दा गैर सदस्य व्यक्तिलाई पनि उपसमिति संयोजक वा सदस्यका रुपमा नियुक्त गर्न सकिनेछ ।

४७. उपसमितिको काम, कर्तब्य र अधिकार:

उपसमितिहरुको गठन तथा तिनले सम्पादन गर्ने कार्यहरु सामान्यतया निम्न अनुसार हुनेछ ।

(१) सेवा केन्द्र ब्यवस्थापन उपसमिति :

(क) संस्थाको सेवा केन्द्र कार्यालय संचालन तथा ब्यवस्थापन मिलाउनका लागि हरेक सेवा केन्द्रमा सेवाकेन्द्र ब्यवस्थापन उपसमिति गठन गरिनेछ ।

(ख) सेवा केन्द्र ब्यवस्थापन उपसमितिमा संचालक समितिबाट १ जना संयोजक र २ जना सदस्य शेयर सदस्य मध्येबाट सञ्चालक समितिले तोक्नेछ । ब्यवस्थापन उपसमितिको सदस्य सचिवको कार्य सेवा केन्द्रको कर्मचारी प्रमुखले गर्नेछ ।

(ग) सेवा केन्द्र ब्यवस्थापन उप समितिको काम, कर्तब्य र अधिकार सेवाकेन्द्र संचालन कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

(२) ऋण उपसमिति :

(क) साधारणसभाबाट पारित बचत तथा ऋण नीति र समितिले दिएको निर्देशनको अधीनमा रही सदस्यहरुबाट पेश हुन आएका निवेदन माथि अध्ययन गरी ऋण दिन मनासिव देखिएमा ऋण प्रदान गर्न समितिलाई सिफारिस गर्ने । यसो गर्दा सुरक्षणको अवस्था बारे विभिन्न प्रक्रिया अवलम्बन गरी जाँच गर्ने र सुरक्षित लगानीको स्पष्ट आधार उल्लेख गरी निर्णय लिने । यस्ता आधार अन्तर्गत सम्पत्तिको यथार्थ मूल्यांकन, स्थलगत अध्ययन र सर्जमिनका आधारमा प्रचलित बजारभाउ, धितो राखिने सम्पत्तिमा पारिवारिक खिचलो तथा मुद्दा मामला भए नभएको आदि विषयमा एकिन गर्नेछ ।

(ख) सदस्यहरुबाट संस्थामा रहेको नगद मौज्दात भन्दा बढी ऋण माग भई निवेदन पेश हुन आएमा नगद मौज्दातको स्थिति, सदस्यहरुको आवश्यकता, ऋणको प्रकृति, ऋणको रकम र निवेदन दिएको मिति आदिलाई ध्यानमा राखी ऋण निवेदनमाथि प्राथमिकता निर्धारण गरी निर्णय गर्नेछ ।समि

ग) ऋण चुक्ता भयो भएन यस सम्बन्धमा सूक्ष्मदृष्टि पुर्याउने ।

घ) ऋणीद्वारा राखिएको धितोहरूको निरीक्षण गर्ने ।

ङ) ऋणीले लिएको ऋण चुक्ता गर्न ढिलो वा टार्ने गरेमा यस सम्बन्धी निगरानी गर्ने रआवश्यक कार्यावाहीका लागि समिति समक्ष पेश गर्ने ।

च) धितो मुल्याङ्कन गर्ने वा गराउने ।

(छ) सञ्चालक समिति मध्येबाट १ जना ऋण उपसमितिको संयोजक र २ जना सदस्य, शेयर सदस्य मध्येबाट हुनेछन ।

(ज) अन्य काम, कर्तब्य र अधिकार ऋण नितिमा तोकिए बमोजिम हुनेछ ।

(४) शिक्षा उपसमिति :

(क) सहकारीको अवधारणा, सहकारीका मूल्य मान्यता र सिद्धान्तका सम्बन्धमा सदस्यहरुलाई ज्ञान दिलाउनका लागि स्वीकृत बजेट तथा कार्यक्रम बमोजिम सहकारी सम्बन्धी तालिम, अन्तर्क्रिया, गोष्ठी, सेमिनारको आयोजना गर्ने ।

(ख) संस्थाको सदस्य र गैर सदस्यहरुका बीचको भेदको बारेमा सदस्यलाई जानकारी दिने ।

(ग) संस्थामा सकेसम्म नयाँ सदस्यहरु सामेल गराउन प्रयत्नशील रहने ।

(घ) उपसमितिको आफ्नो काम कारवाही सम्बन्धी प्रतिवेदन समिति समक्ष पेश गर्ने ।

(५) महिला विकास उपसमिति :

यस उपसमितिमा ३ जना सदस्य रहनेछन् । सञ्चालक समितिबाट एक जना संयोजक,शेयर सदस्यबाट दुई जना सदस्य रहनेगरी संस्थाले महिला विकास उपसमितिको गठन गर्नेछ ।

क) सञ्चालक समितिले तोकेका र नीति तथा वार्षिक कार्यक्रम बमोजिमका कार्यहरु गर्ने गराउने ।

ख) महिलाका गुनासाहरु संकलन गरी सञ्चालक समितिमा सुधारका लागि पेश गर्ने ।

ग) महिला हिंसा सम्बन्धी घटना भएमा त्यसको समाधानको लागि सहयोग गर्ने ।

घ) बालबिबाह र बहुबिबाह कार्य हुन नदिन कार्यक्रम बनाई जनचेतना फैलाउने ।

ङ) दुई बच्चा जन्मे पछीपरिवार नियोजन र उमेर पुगे पछी मात्र विवाह गर्ने र बच्चा जन्माउने सम्बन्धी जनचेतना दिने ।

च) शिशु स्याहार तथा सरसफाई सम्बन्धी जनचेतना दिने ।

छ) महिला विकासका योजना तथा बजेट बनाई बार्षिक कार्यक्रममा समावेश गराउने ।

ज) संस्थाद्धारा दिइने सुत्केरी पोषण खर्च सम्बन्धी जानकारी दिई यो कार्यक्रमलाई प्रभावकारी बनाउन लागि पर्ने ।

(६) कार्यमुलक व्यवस्थापन उपसमिति :

संस्थाका कार्यहरूलाई सशक्त पार्न तथा नियमिति रूपमा संस्थामा आई पर्ने समस्याको रेखदेख गर्नुको साथैकर्मचारी परिचालन, दरबन्दि सिर्जना गर्न एक कार्यमुलक व्यवस्थापन उपसमिति गठन गरिनेछ । यस उपसमितिमा संयोजक सञ्चालक समितिको सचिव र २ जना सञ्चालक सदस्य गरी ३ जना रहनेछन् ।

क) प्रमुख कार्यकारी अधिकृत मार्फत दैनिक प्रशासनिक कार्य गराउने ।

ख) प्रमुख कार्यकारी अधिकृतको सिफारिसमा कर्मचारी परिचालन गर्ने ।

ग) वार्षिक योजना तथा बजेटको आधारमा नयाँ दरबन्दी सिर्जना गरी सञ्चालक समितिमा सिफारिस गर्ने ।

घ) बढिमा ३ महिना सम्म आंशिक तथा आकस्मिक सेवामा कर्मचारीको स्वीकृति दिन सक्ने ।

ङ) कर्मचारीका सर्त सुविधा तय गरी सञ्चालक समितिमा सिफारिस गर्ने ।

च) प्रमुख कार्यकारी अधिकृतको सिफारिसमा कर्मचारीको सरुवा बढुवाको लागि सञ्चालक समितिमा पेश गर्ने ।

छ) कर्मचारीहरूलाई दण्ड जरिवाना पुरस्कारको लागि सञ्चालक समितिमा सिफारिस गर्ने ।

ज) कार्य सम्पादन मुल्याङ्कनको आधारमा कर्मचारी प्रशासन नियमावलिमा व्यवस्था गरी प्रोत्साहन, पुरस्कार, बढुवा तथा सुधारको निर्णय गरी सञ्चालक समितिमा अनुमोदनको लागि पेश गर्ने ।

झ) कर्मचारीका समस्या पहिचान गरी समाधानको लागि सञ्चालक समितिमा पेश गर्ने ।

ञ) लघुवित्त कार्यक्रम लगायत सेवा केन्द्रहरुको निरिक्षण अनुगमन सम्बन्धी कार्य गर्ने ।

ट) अन्य काम, कर्तव्य र अधिकारहरु मानव शंसाधन व्यवस्थापन नितिमा तोकिए बमोजिम हुने छ ।

(७) लघुवित्त सञ्चालन उपसमिति :

यस उपसमितिमा ३ जना सदस्य रहनेछन् । सञ्चालक समितिबाट एक जना संयोजक, शेयर सदस्यबाट २ जना सदस्य (१ जना लघुवित्तमा सहभागि शेयर सदस्य) रहने गरी संस्थाले लघुवित्त सञ्चालान उपसमितिको गठन गर्नेछ ।

क) सञ्चालक समितिले तोकेका रलघुवित्त सञ्चालान निर्देशिका बमोजिमका कार्यहरु गर्ने गराउने ।

ख) लघुवित्त कार्यक्रम विकासका योजनां तथा बजेट बनाई बार्षिक कार्यक्रममा समावेश गराउने ।

ग) लघुवित्त कार्यक्रम अन्तर्गत निरिक्षण र अनुगमन गरी सञ्चालक समितिमा प्रतिवेदन दिने ।

घ) लघुवित्तको विकासका लागि कर्मचारी तथा सदस्यहरुलाई आवश्यक तालिमको व्यवस्था गर्ने ।

ङ) अन्य काम, कर्तव्य र अधिकारहरु लघुवित्त संचालन निर्देशिकामा तोकिए बमोजिम हुने छ ।

(८) युवा परिचालन, कला तथा सास्कृतिक उपसमिति :

यस उपसमितिमा ३ जना सदस्य रहनेछन् । सञ्चालक समितिबाट एक जना संयोजक,शेयर सदस्यबाट दुई जना सदस्य रहनेगरी संस्थाले महिला विकास उपसमितिको गठन गर्नेछ ।

क) युवा परिचालन सम्बन्धी कार्य गर्ने गराउने .

ख) कार्यक्षेत्र भित्रका य'वाह?लाई खेलकुद सम्बन्धी क्रियाकलापमा संचालन गर्ने

ग) कला, संस्कृति जगेर्ना सम्बन्धी क्रियाकलाप संचालन गर्ने

घ) युवाहरुलाई कला संस्कृति सम्बन्धी क्रियाकलापमा सहभागि गराउन सेवाकेन्द्र गत/मा युवाहरुको समुह गठन गर्ने

ङ) अन्य काम, कर्तव्य र अधिकारहरु संचालक समितिले तोकिए बमोजिम हुने छ ।

४८. **उपसमितिको बैठक :**

उपसमितिको बैठकहरु आवश्यकता अनुसार बस्न सक्नेछ । संयोजकले उपसमितिको बैठक बोलाउनेछ ।

उपसमितिका सदस्यहरु महिनामा धेरै पटक बैठक बस्नु पर्ने, फिल्डको अध्ययन तथा प्रतिवेदन पेश गर्नु पर्ने काम गर्नु पर्ने भएमा समितिले इन्धन सुविधा, भ्रमण खर्च, खाजा खर्च तथा बैठक भत्ता समेतको यथोचित आर्थिक सुविधा प्रदान गर्ने निर्णय गर्न सक्नेछ ।

५० प्रतिवेदन पेश गर्ने :
उपसमितिले गरेको कार्यको संक्षिप्त तथा विश्लेषणात्मक प्रतिवेदन संयोजकले सञ्चालक समितिको बैठकमा पेश गर्नु पर्नेछ । त्यसरी पेश भएको प्रतिवेदनउपर छलफल गरी समितिले आवश्यक निर्देशन दिन सक्नेछ ।

परिच्छेद- ८
निर्वाचन सम्बन्धी व्यवस्था

५१ सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन:
(१) समितिले आफ्नो कार्यावधि समाप्त हुनु अघि अर्को सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गराउनु पर्नेछ ।
(२) उपदफा (१) बमोजिम निर्वाचन नगराइएको जानकारी प्राप्त भएमा त्यस्तो जानकारी प्राप्त भएको मितिले ६ महिनाभित्र निर्वाचन गराउन दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले आदेश दिन सक्नेछ ।
(३) उपदफा (२) बमोजिम आदेश भएकोमा समिति तथा लेखा सुपरीवेक्षण समितिको निर्वाचन गराई दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीलाई आदेशको समयावधिभित्र जानकारी गराउनु पर्नेछ ।
(४) दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले आदेश दिएकोमा निर्वाचन नगराएमा त्यस्तो संस्था आबद्ध माथिल्लो संघ मुल्य ……ो को प्रतिनिधि समेतलाई सहभागी गराई समितिको निर्वाचन सम्बन्धी सम्पूर्ण कार्य गर्ने, गराउनेछ ।
(५) उपदफा (४) बमोजिमको निर्वाचन कार्यमा सहयोग पुराउनु सम्बन्धित संघ तथा समितिका पदाधिकारीहरुको कर्तव्य हुनेछ ।
(६) उपदफा (४) बमोजिम निर्वाचन गराउदा लागेको सम्पूर्ण खर्च सम्बन्धित सहकारी संस्थाले व्यहोर्नु पर्नेछ ।
(७) यस दफा बमोजिम अर्को निर्वाचन नभएसम्मको लागि समितिले दैनिक कार्य सञ्चालन गर्नेछ ।

५२ निर्वाचन प्रकृया:
(१) संस्थाको विनियमको अधीनमा रही सञ्चालक समिति र लेखा समितिको निर्वाचन गर्न सञ्चालक समितिले ३ सदस्यीय निर्वाचन उपसमिति गठन गर्नेछ ।
(२) सहकारीको क्षेत्रमा अनुभव हासिल गरेको व्यक्ति वा कानून व्यवसायी वा निर्वाचन सम्बन्धी कार्यको अनुभव प्राप्त गरेका वा नेपाल सरकारको अवकाश प्राप्त कर्मचारीको संयोजकत्वमा संस्थाको शेयर सदस्यहरु मध्येबाट एकजना (निर्वाचनमा उम्मेदवार नहुने) र १ जना विषयगत संघ वा जिल्ला सहकारी संघ वा स्थानीय विद्यालयको शिक्षक समावेश गरी निर्वाचन उपसमिति गठन गरिनेछ ।
दर्ता अधिकारी
(३) निर्वाचन उपसमितिले विनियमको व्यवस्था बमोजिम सञ्चालक समिति र लेखा समितिको पदाधिकारीहरुको निर्वाचन प्रजातान्त्रिक प्रक्रियाबाट सम्पन्न गर्नेछ ।
(४) निर्वाचन उपसमितिले निर्वाचन प्रक्रिया अन्तर्गत प्रकाशन गरेका निर्वाचन कार्यक्रम, सदस्यहरुलाई गरेको सार्वजनिक सूचना, निर्णयहरु, प्रयोगमा ल्याएका विभिन्न कागजात एवं मनोनयन फाराम साथ उम्मेदवारले पेशगरेका आवश्यक प्रमाणहरु सिलबन्दी गरी सुरक्षित साथ राख्ने जिम्मेवारी नयाँ निर्वाचित सञ्चालक समितिको अध्यक्षको हुनेछ ।
(५) निर्वाचन उपसमितिले निर्वाचित पदाधिकारीलाई अनुसूची ४ बमोजिमको ढाँचामा प्रमाणपत्र प्रदान गर्नेछ र शपथ ग्रहण गराउनेछ ।
(६) निर्वाचन उप समितिलाई आफ्नो काम सम्पन्न गर्न गराउन समिति र संस्थाको कार्यालय व्यवस्थापनले साधन स्रोत र आवश्यक जनशक्ति उपलब्ध गराउनेछ ।
(७) कुनै सदस्य संस्थाको सञ्चालक वा लेखा समितिको पदमा उम्मेदवार हुँदा मनोनयनपत्र साथ देहायका विवरण खुल्ने स्वघोषण पत्र पेश गर्नु पर्नेछ.
(क) प्रचलित कानून बमोजिम वित्तीय कारोबार गरेको आधारमा आफ्नो नाम कालो सूचीमा नपरेको,
(ख) कर्जा कारोबारमा अनियमितता नगरेको,
(ग) संस्थाबाट लिएको ऋणको भाखा ननाघेको,

(घ) संस्थामा अन्य तिर्न बुझाउनु पर्ने बाँकी बक्यौता नभएको, र संस्थाको स्वीकृत कार्यक्षेत्र भित्र बसोबास गरी रहेको ।

(ङ) यस संस्थाको कार्यक्षेत्र भित्र अन्य कुनै पनि सहकारी संस्थाको सञ्चालक वा लेखा समितिमा नरहेको ।

(८) एकाघर परिवारबाट एक भन्दा बढी व्यक्ति एकै अवधिमा एउटै संस्थाको संचालकको पदमा बहाल रहन पाउने छैनन् ।

(९) संचालकको पदावधि समाप्त हुनु अगावै नयाँ संचालक समितिको निर्वाचन गराउने दायित्व निर्वाह नगरी पदावधि गुजारेको अवधि ३ महिना बितिसकेको भए ती संचालकहरु नयाँ संचालक समिति र लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(१०) सदस्यताका लागि आवश्यक पर्ने योग्यता नभएका व्यक्ति संचालक समिति वा लेखा समितिको निर्वाचनमा उम्मेदवार हुन पाउने छैनन् ।

(११) कुनै दावी बिरोध परी विवरण झुठा ठहरेमा निर्वाचन समितिले मनोनयन रद्द गर्नेछ ।

(१२) संचालक समिति र लेखा समितिका पदाधिकारीहरुले तोकिए बमोजिम शपथ लिनुपर्नेछ । शपथ ग्रहण अनुसूची-५ मा तोकिएको ढाँचा बमोजिम हुनेछ ।

(१३) संचालक समिति वा लेखा समितिको रिक्त पदमा निर्वाचन समितिले गरेको निर्वाचन कार्यक्रमबाट मात्र पूर्ति गर्न सकिनेछ । यसरी निर्वाचित पदाधिकारीको पदावधि बाँकी अवधिको लागि मात्र हुनेछ । संम्पूर्ण समिति भंग गरिएको अवस्थामा भने निर्वाचित पदाधिकारीको पदावधि विनियम बमोजिम पूर्ण अवधिको हुनेछ ।

५३. समिति वा लेखा सुपरीवेक्षण समितिमा रहन नसक्ने :

(१) सहकारी संस्थाको दर्ता तथा नियमन सम्वन्धी कार्यमा प्रत्यक्ष रुपमा संलग्न निर्वाचित वा मनोनयन हुने सार्वजनिक पदमा बहाल रहेको पदाधिकारी, जुन सुकै तहको निर्वाचित वा मनोनित जनप्रतिनिधि वा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको कार्यालय वा निकायमा कार्यरत कर्मचारी तथा सहकारी संस्थाका कर्मचारी सहकारी संस्थाको समिति वा लेखा सुपरीवेक्षण समितिमा निर्वाचित वा मनोनित हुन सक्नेछैन ।

दर्ता अधिकारी

परिच्छेद - ९

कारोबारको लेखा तथा लेखा परीक्षण

५४. कारोबारको लेखा

संस्थाले कारोबारको लेखा दोहोरो लेखा प्रणालीमा आधारित र कारोबारको यथार्थ स्थिति स्पष्ट रुपमा देखिने गरी प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकायले लागु गरेको लेखामान (एकाउण्टिङ्ग स्टाण्डर्ड) र ऐनमा तोकिए बमोजिम पालना गर्नु पर्ने अन्य शर्त तथा व्यवस्था बमोजिम राखिनेछ ।

५५. लेखापरीक्षण सम्बन्धी व्यवस्था :

(१) संस्थाले प्रत्येक वर्षको हिसाब-किताबको लेखापरीक्षण आर्थिक वर्ष समाप्त भएको मितिले तीन महिना भित्र साधारण सभाले नियुक्त गरेका इजाजतप्राप्त लेखापरीक्षकबाट गराउनु पर्नेछ ।

(२) लेखापरीक्षकको पारिश्रमिक साधारण सभाले तोके बमोजिम हुनेछ ।

(३) लेखापरीक्षण प्रतिवेदन वार्षिक साधारणसभा समक्ष अनुमोदनको लागि प्रस्तुत गर्नु पर्नेछ ।

(४) साधारण सभाले नियुक्त गरेको लेखा परीक्षकलाई नियमन गर्ने निकायबाट पूर्व स्वीकृति लिएको हुनुपर्नेछ ।

(५) एउटै लेखापरीक्षण गर्ने व्यक्ति, फर्म वा कम्पनीलाई लगातार तीन आर्थिक वर्ष भन्दा बढी अवधिको लागि नियुक्ति गरिने छैन ।

(६) लेखा परीक्षकको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त देहायका विवरण समेत समाविष्ट भएको हुनेछ :

(क) संस्थाका पदाधिकारी वा कर्मचारीले सहकारीको मूल्य मान्यता र सिद्धान्त एवं प्रचलित सहकारी सम्बन्धी कानूनको पालनाको अवस्थाको जानकारी ।

(ख) संस्थाका पदाधिकारी वा कर्मचारीले संस्थाको विनियम र साधारण सभाबाट स्वीकृत नीति तथा निर्देशिकाहरुको पालना सम्बन्धी जानकारी ।

(ग) लेखा परिक्षक नियुक्तिमा स्वीकृति दिंदा नियमनकारी निकायले दिएको निर्देशनका विषयहरुमा संक्षिप्त टिप्पणी ।

(घ) सदस्य बचतको सुरक्षणको अवस्था, ऋण लगानीको पर्याप्त सुरक्षणको व्यवस्था, संस्थाको आर्थिक कार्यविधि पालना र मितव्ययिता अपनाउने व्यवस्थाको जानकारी ।

(ङ) संस्थाका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋण र पेश्कीको विवरण, भुक्तानी गर्दा अवलम्बन गरिएको प्रक्रिया, ऋणको भाखा नाघे ननाघेको विवरण, ऋणको वर्गीकरण तथा कर्जा सुरक्षण कोष, कर्जा लगानी गर्दा लिनु पर्ने धितो र जमानत सम्बन्धी विवरण, ऋण असूलीको विवरण, पेश्की लिनुको प्रयोजन र आर्थिक अनुशासन आदिको विवरण ।

(७) लेखापरीक्षकको प्रतिवेदनमा उपरोक्त विवरण समावेश नंभएमा साधारण सभाले अर्को लेखापरीक्षक नियुक्त गर्न सक्नेछ वा त्यस्ता लेखा परिक्षकलाई त्यस संस्थाको आगामी वर्षहरुको लेखापरीक्षण गर्न अनुमति नदिन सक्नेछ ।

(८) लेखापरीक्षक नियुक्त हुन वा नियुक्त भैसकेको भए निजले आफु सो कार्यका लागि ऐन बमोजिम अयोग्य नभएको कुरा सहकारी संस्थालाई लिखितरुपमा जानकारी गराउनु पर्नेछ।

(९) उपदफा (८) बमोजिमको योग्यता नपुगेको लेखा परीक्षकले गरेको लेखा परीक्षण अमान्य हुनेछ ।

परिच्छेद–१०

बचत निक्षेप संकलन, ऋण लगानी, ब्याजदर र तरलता सम्बन्धी व्यवस्था

५६. बचत निक्षेप संकलन :

संस्थाले देहाय बमोजिमको बचत सदस्यहरुबाट संकलन गर्न सक्नेछ :-

(१) सदस्यले संस्थाको सदस्यता प्राप्त गरेको मिति देखि नियमित रुपमा बचत गर्नुपर्नेछ । यस्तो नियमित बचत अग्रिम रुपमा पनि जम्मा गर्न सकिनेछ ।

(२) सदस्यले संस्थाको बचत तथा ऋण नीतिको अधीनमा रही तीन महिना भन्दा बढी समयका लागि आवधिक खातामा बचत रकम जम्मा गर्न सक्नेछ र सो बचत रकममा निर्धारित ब्याज आवधिक रुपमा भुक्तानी गरिनेछ ।

(३) सदस्यले उपदफा (१) बमोजिम जम्मा गरेको रकम बचत नीति बमोजिम झिक्न सक्नेछ र साधारण बचतमा दिइने ब्याज सम्बन्धी व्यवस्था बचत तथा ऋण नीतिको अधिनमा रही समितिले समय समयमा तोके बमोजिम हुनेछ ।

(४) संस्थाले प्राथमिक पूंजी कोषको बढीमा १५ गुणा सम्म मात्र सदस्यहरुबाट बचत संकलन गर्नेछ । प्रांथमिक पूंजीकोष भन्नाले चुक्ता शेयरपूंजी तथा संस्थाको जगेडाकोषलाई जनाउने छ ।

(५) संस्थाले सार्वजनिक रुपमा विज्ञापन गरी बचत निक्षेप संकलन गर्ने वा ऋण प्रवाह गर्ने छैन ।

(६) संस्थाले गैर सदस्यसंग कुनै पनि बचत तथा ऋणको कारोवार गर्नेछैन ।

(७) संस्थाले सहकारी बैंक र सहकारीका संघहरु बाहेक प्राकृतिक व्यक्तिसंग मात्र बचत तथा ऋणको कारोवार गर्नेछ । तर ऐनको दफा २६(२) बमोजिमका नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तहका साथै कार्यक्षेत्रभित्रका स्थानीय तहमा गठन भएका गैर नाफामूलक संघ संस्थाहरु, सामुदायिक र सहकारी विद्यालय, गुठी, क्लब, उत्पादन र सेवामूलक संघ संस्थाहरु, उपभोक्ता समूहहरुलाई सदस्य बनाई बचत जम्मा गर्न सक्नेछ ।

५७. ऋण लगानी :

(१) सदस्यले संस्थाबाट ऋण लिनु पर्दा संस्थाको ऋण परिचालन कार्यविधिमा तोकिए बमोजिमको ऋण निवेदन फाराम भरी तोकिए बमोजिमका आवश्यक कागजातहरु समेत संस्थामा पेश गर्नु पर्नेछ ।

(२) समितिले सदस्यको सदस्यता, सदस्य बचत रकम, सदस्यहरुको जमानी वा जमीन तथा घरजग्गाको धितोको आधारमा ऋण लगानी उपसमिति समेतको सिफारिसमा ऋण प्रदान गर्नेछ ।

(३) संस्थाले कुनै एक सदस्यलाई संस्थाको प्राथमिक पुंजीकोषको १० प्रतिशतमा ननघाई ऋण लगानी गर्नेछ। प्राथमिक पुँजी भन्नाले संस्थाको शेयर पुँजी तथा जगेडा कोषलाई सम्झनुपर्छ ।

(४) समितिले सदस्यलाई ऋण लगानी गर्दा ऋण रकम भन्दा बढि रकम पर्ने जायजेथा धितो लिएर वा कुनै सदस्यको धन जमानीमा मात्र ऋण लगानी गर्नेछ ।

(५) संस्थाले जमीन वा घर जग्गा वा घडेरी धितो राखी ऋण लगानी गर्दा ऋण लिने सदस्यको आफ्नै वा एकाघर सगोल परिवारका सदस्य वा शेयर सदस्यको नाममा रहेको धितो नराखी अर्काको तेश्रो व्यक्तिको नाउँमा रहेको धितोको आधारमा ऋण लगानी गर्नेछैन ।

(६) सामान्यत: संस्थाबाट एकै अवधिमा संस्थाका संचालक समितिका ४९ प्रतिशत भन्दा बढी पदाधिकारीहरुले ऋण लिन सक्ने छैनन् ।

(७) सदस्यले जुन उद्देश्यका लागि संस्थाबाट ऋण लिएको हो सोही उद्देश्य प्राप्तिका लागि ऋणको उपयोग गर्नुपर्नेछ ।

(८) संस्थाले संचालक समिति, लेखा समिति तथा ऋण लगानी उप-समितिका पदाधिकारी एवं कर्मचारीहरुले लिएको ऋणको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित नियमनकर्ता कार्यालयमा पेश गर्नेछ ।

(९) ऋण लगानी प्रक्रिया तथा ब्याज र शुल्क निर्धारणमा सदस्य एवं पदाधिकारीबीच कुनै विभेद गरिने छैन।

(१०) संस्थाले ऋण लगानी गर्दा घट्दो दरमा ब्याज हिसाब गर्नु पर्नेछ ।

५८. ऋणको किसिम :

संस्थाले प्रवाह गर्ने ऋणको किसिम संस्थाको ऋण परिचालन कार्यविधिमा तोकिए बमोजिम हुनेछ ।

५९. ऋण नोक्सानी कोषको व्यवस्था :

(१) संस्थाबाट प्रवाहित हुने ऋणलाई देहाय बमोजिम ३ वर्गमा विभाजन गरी ऋण नोक्सानी कोषको व्यवस्था गरिने छ :

क्र.सं.	ऋणको वर्गीकरण	भाखा नाघेको अवधि	ऋण नोक्सानी कोषको व्यवस्था
१	असल ऋण	भाखा ननाघेको	१ प्रतिशत
२	शंकास्पद ऋण	१ वर्ष भन्दा कम अवधि भाखा नाघेको	३५ प्रतिशत
३	खराब ऋण	१ वर्ष भन्दा बढी अवधि भाखा नाघेको	१०० प्रतिशत

(२) संस्थाले उपदफा (१) मा उल्लेख भए बमोजिमको ऋणको बर्गीकरण र ऋण नोक्सानी कोषको व्यवस्था गरी प्रत्येक वर्ष श्रावण महिना भित्र संस्थालाई नियमन गर्ने कार्यालयमा विवरण पेश गर्नेछ ।

(३) संस्थाले आफ्ना सदस्यको शेयर प्रमाणपत्र वा अन्य सहकारी संघ संस्थाको आवद्ध व्यक्तिको शेयर प्रमाणपत्र धितो वा बचतखाता जमानत राखी ऋण लगानी गर्नेछैन ।

(४) समितिले संस्था दर्ता हुँदाका बखत आवेदक रहेका सदस्य बाहेक अन्य व्यक्तिको हकमा सदस्यको रुपमा तीन महिनासम्म संस्थामा नियमित बचत गरे पछि मात्र ऋण लगानी गर्नेछ ।

६०. बचत निक्षेप तथा ऋण लगानीको रकममा ब्याज :

(१) संस्थाले बचतमा प्रदान गर्ने ब्याजदर र ऋण लगानीमा लिने ब्याजदरको निर्धारण प्रचलित ऐन तथा नियमावलीको अधिनमा रही प्रचलित बजार दरको आधारमा गर्नेछ ।

(२) संस्थाले बजारमा प्रचलित ब्याजदरभन्दा अस्वभाविक रुपले बढी ब्याजदरमा बचत संकलन तथा ऋण लगानीको कारोबार गर्नेछैन ।

(३) संस्थाले सदस्यको बचतमा दिने ब्याज दर र ऋण लगानीमा लिने ब्याज दरको अन्तर औसत ६ प्रतिशत भन्दा बढी हुनेछैन ।

(४) समितिले सदस्यको व्यवसायिक तथा तोकिएको अन्य कार्यका लागि ऋण परिचालन कार्यविधिमा उल्लेख भए बमोजिमका उद्देश्यमा ऋण लगानी गर्न सक्नेछ ।

(५) संस्थाले बचत, ऋण लगानी, ब्याज निर्धारण आदि विषयहरुमा आवश्यक शर्त, प्रक्रिया तथा कार्यविधिहरु बचत तथा ऋण नीतिमा व्यवस्था गर्नेछ । संस्थाले त्यस्तो बचत तथा ऋण नीति साधारण सभाबाट अनुमोदन गराई लागु गर्नेछ ।

(६) संस्थाले साधारण सभाबाट अनुमोदित बचत तथा ऋण नीति सम्बन्धित सहकारी नियमन गर्ने कार्यालयमा पेश गर्नेछ ।

(७) संस्थाले निर्धारण गरेको ब्याज दरको विवरण प्रत्येक ६ महिनामा सम्बन्धित सहकारी नियमन गर्ने कार्यालयमा पेश गर्नेछ ।

(८) संस्थाले ब्याजदर परिवर्तन गरेमा सो को विवरण संस्थाको कार्यालयमा सबैले देख्ने गरी सूचना गर्नेछ । संस्थाले परिवर्तित ब्याजदर सम्बन्धी विवरण परिवर्तन भएको ७ दिन भित्र सम्बन्धित सहकारी नियमन गर्ने कार्यालयमा पेश गर्नेछ ।

(९) संस्थाले सदस्यहरुका बीच लाभांश बितरण प्रयोजनको लागि नगद पद्धतिमा ब्याज आम्दानीको लेखा राखिनेछ । नगदमा प्राप्त नभएको ब्याजलाई पाउनु पर्ने ब्याज हिसावमा खर्च लेखी ब्याज मुल्तवी हिसावमा जम्मा गर्नेछ ।

६१. विलम्ब शुल्क :

(१) सदस्यले संस्थाबाट लिएको ऋणको साँवा र ब्याज तोकिएको अवधिमा नै तोकिए बमोजिम भुक्तानी गर्नुपर्नेछ

(२) सदस्यले उपदफा (१) बमोजिम ऋणको साँवा र ब्याज भुक्तानी नगरेमा देहाय बमोजिमको अवधिको लागि देहाय बमोजिमको रकम विलम्ब शुल्क बापत थप तिर्नुपर्नेछ:-

(क) प्रथम १ महिनाको लागि एक प्रतिशत

(ख) दोश्रो २ महिनाको लागि दुइ प्रतिशत

(ग) ३ महिना पश्चात् तीन प्रतिशत

(घ) मासिक ब्याज भुक्तानी नभएमा १ प्रतिशत, प्रत्येक असोज, पौष, चैत्र मा भुक्तानी नभएमा २ प्रतिशत र असारको अन्तमा ब्याज भुक्तानी नगरेमा ३ प्रतिशत तिर्न बाँकि साँवामा हर्जाना लाग्ने छ।

(३) उपदफा (२) मा उल्लेखित भन्दा बढी विलम्ब शुल्क लाग्नेछैन। तर ऋणीको तात्कालिन अवस्था हेरी समितिले तोके बमोजिम विलम्ब शुल्क छुट दिन सक्नेछ।

६२. तरलता :

(१) संस्थाले कुल बचत रकमको कम्तिमा १२ प्रतिशत रकम तरलताको रुपमा राख्नेछ। यस प्रयोजनको लागि नगद मौज्दात, बैंक चल्ती र बचत खाता (वा कल खाता) एवम् विषयगत संघमा खोलिएको बचत खातामा मौज्दात रहेको रकम समेतलाई तरलतामा गणना गरिनेछ। संस्थाले बैंक तथा संघहरुमा खाता खोली जम्मा गरेको मुद्दती वा आवधिक बचत खाता, नेपाल सरकारको बचतपत्र एवं ऋणपत्र समेतलाई तरल सम्पत्ति मानिनेछ।

(२) संस्थाले तरलताको गणना गर्दा प्रत्येक महिनाको अन्तिम दिनलाई आधार मानिनेछ।

(३) संस्थाले तरलता समेत खुलेको कारोबार सम्बन्धी विवरण संस्थाको कार्यालयमा मासिक रुपमा प्रकाशन गर्नेछ।

६३ जोखिम मूल्यांकन व्यवस्था :

(१) संस्थाले संस्थाको कारोबार तथा व्यवस्थापकीय अवस्थाका आधारमा संरचनागत जोखिम, खराब ऋण जोखिम, वित्तीय जोखिम, तरलता जोखिम, आयगत जोखिम, विकासजन्य जोखिम, बजार जोखिम, आर्जन नगर्ने सम्पत्तिको जोखिम, लगानी जोखिम, प्राकृतिक रुपमा हुन सक्ने घटनाहरु (भुकम्प, बाढी, पहिरो, हुरी, ज्वालामुखी आदि), मानवीय दुर्नियत र लापरवाहीबाट हुने जोखिमहरु (हिनामिना, हानी नोक्सानी, क्षति, आगलागी, चोरी, अभिलेख नष्ट गर्ने कार्य आदि), कीट पतंगजन्य जोखिम (कीरा, मुसा, घुन, पुतला, चरा), रेखदेखमा ध्यान नपुग्दा आउने जोखिमहरु (चिसो, ओस, पानी चुहिने, भाइरसले अभिलेख नष्ट गर्ने आदि) कार्यबाट संस्थाको सम्पत्ति तथा अभिलेखबाट हुने जोखिमले ल्याउन सक्ने हानीको मूल्यांकन, पहिचान तथा व्यवस्थापन गरी सुरक्षाको व्यवस्था मिलाउनु पर्नेछ।

(२) संस्थाले प्रयोगमा ल्याएको विद्युतीय सफ्टवेयर तथा एप्सबाट हुन सक्ने क्षति वा अभिलेख अपहरण जस्ता दुष्कार्यबाट हुन सक्ने क्षतिको मूल्यांकन समेत गरी त्यसको सुरक्षाको उचित प्रबन्ध मिलाउने छ

६४. कारोबार नगरिने :

संस्थाले गैर सदस्यहरु तथा नेपाली नागरिक बाहेक अन्य व्यक्तिसंग कुनै किसिमको बचत संकलन तथा ऋण लगानी कारोबार गर्ने छैन।

परिच्छेद -११

वित्तीय कारोवारको अभिलेख, कोष र सम्पत्ति सम्बन्धी व्यवस्था

६५. संस्थाले राख्नु पर्ने बही खाता एवं दर्ता किताब :

(१) संस्थाले देहाय बमोजिमको बही खाता तथा दर्ता किताब राख्नेछ :-

(क) विनियमको दफा १८ (अनुसूची-२) बमोजिमको सदस्य दर्ता किताब,

(ख) प्रारम्भिक साधारणसभा, वार्षिक साधारणसभा, विशेष साधारणसभा, समिति, लेखा समिति र उपसमितिहरुको छुट्टाछुट्टै कारवाही किताब,

(ग) नगद बही,

(घ) संस्थाले अरु कुनै व्यक्ति, संघसंस्था वा निकायसंग कुनै कारोबार गरेको भए सो कारोबार देखिने दर्ता किताब,

(ङ) शेयर दर्ता किताब,

(च) मालसामानको मौज्दात (स्टक) दर्ता किताव

(छ) ऋण लेनदेन गरेको दर्ता किताब,

(ज) बेरुजू एवं सम्परीक्षण किताब,

(झ) आम्दानी, खर्च, सम्पत्ति र दायित्व सम्बन्धी अलग अलग खाताहरु तथा सहायक खाताहरु,

(ञ) हिसाब परीक्षा सूची, आय विवरण तथा स्थिति विवरणपत्र वा वासलात (नगद प्रवाह समेत)

(ट) सदस्यहरुको व्यक्तिगत बचत खाता,

(ठ) समय-समयमा समितिले तोकिदिएको अन्य अभिलेख एवं खाताहरु ।

(२) उपदफा (१) मा उल्लेखित अभिलेखका अतिरिक्त सफ्टवेयरबाट समेत हिसाव राख्ने व्यवस्था मिलाइनेछ ।

(३) संस्थाले राख्नु पर्ने अन्य आधारभूत कागजात निम्नानुसार हुनेछ :

(क) ऋण लगानी सम्बन्धी बैठक निर्णय रजिष्टर

(ख) लेखा सुपरीवेक्षण समितिले आन्तरिक हिसाव जांच गर्दा गराउंदा औंल्याइएको नीति, विनियम, कार्यविधि, ऐन, नियमावली तथा निर्देशन उल्लंघन हुनेगरी गरिएको हरहिसाव सम्बन्धी सच्याउनु पर्ने बेरुजु किताव

(ग) ऋण नतिर्ने सदस्यहरुको नाम कालो सूचीमा कायम गरिएको बिवरण

(घ) सदस्य पहिचान विवरण फाराम

(ङ) शंकास्पद तथा तोकिएको सीमाभन्दा बढी परिमाणको कारोबार विवरण

(च) संस्थाको कारोबार छानविन प्रतिबेदनहरु

(छ) समय समयमा नेपाल सरकार तथा संचालक समितिले तोकिदिएको अभिलेख बिवरणहरु

६६. कोषको व्यवस्था :

(१) संस्थाको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :

(क) संस्थाले शेयर बिक्री गरें बापत प्राप्त रकम,

(ख) नियमित बचत र सदस्यता बापत प्राप्त शुल्कहरु ।

(ग) संस्थाले कारोबार संचालन गर्नको लागि लिएको बाहृय ऋण,

(घ) नेपाल सरकार वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ङ) विदेशी सरकार वा अन्तरराष्ट्रिय दातृ संघ संस्थाबाट प्राप्त अनुदानको रकम,

(च) संस्थाले व्यवसायिक कारोबारबाट आर्जन गरेका सबै किसिमका आम्दानी,

(छ) प्रवेश शुल्क आम्दानी

(ज) अन्य श्रोतबाट प्राप्त रकम ।

(२) उपदफा (१) बमोजिमको कोपको रकम विनियममा व्यवस्था भए बमोजिमको कार्यमा खर्च गरिनेछ ।

(३) संस्थाले विदेशी सरकार वा अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाबाट ऋण रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनेछ ।

(४) उपदफा (१) बमोजिम संस्थालाई प्राप्त हुने सबै प्रकारको रकम समितिले निर्णय गरेको कुनै बैंकमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, बचत, मुद्दती) खोली जम्मा गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोपको खाताको संचालन समितिको अध्यक्ष, कोषाध्यक्ष र प्रमुख कार्यकारी अधिकृत मध्ये कुनै दुईको संयुक्त दस्तखतबाट हुनेछ । कोषको सम्पूर्ण जिम्मा खाता संचालकहरुमा रहनेछ । कोषबाट रकम झिक्दा संस्थाको स्वीकृत बिनियम बमोजिम स्पष्ट निर्णय भएको कामका लागि हुनुपर्दछ । रकम चलनमा ल्याउने आधारहरु कानून सम्मत हुनुपर्नेछ । संस्थाको सम्पत्ति व्यक्तिगत प्रयोजनमा झिक्न वा प्रयोग गरिएको पाइएमा अख्तियार दुरुपयोग गरेको मानिनेछ ।

६७. जगेडा कोष :

संस्थाको जगेडा कोषमा देहाय बमोजिमको रकम रहनेछ-

(क) प्रत्येक आर्थिक वर्षमा संस्थाले आर्जन गरेको खुद मुनाफा रकमको कम्तिमा २५ प्रतिशत रकम,

(ख) सहकारी संस्थाले प्राप्त गरेको पूंजीगत अनुदान रकम,

(ग) संस्थाको स्थिर सम्पत्ति बिक्रीबाट प्राप्त रकम,

(घ) अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

६८ खुद बचतको बाँडफाँड :

(१) खुद बचत रकमको २५ प्रतिशत रकम जगेडा कोषमा छुट्याइ बाकि रहेको रकमको २५ प्रतिशत संरक्षित पूँजि फिर्ताकोषमा र ०.५ प्रतिशत सहकारी प्रबर्द्धन कोष अलग गरी बाँकी रहेको रकमलाइ शत प्रतिशत मानी निम्नानुसार बाँडफाँड गरिनेछ।

(क) शेयर लाभाँस कोष ६० प्रतिशत

(ख) कर्मचारी बोनस कोष १० प्रतिशत

(ग) सहकारी शिक्षा कोष ५ प्रतिशत

(घ) सहुलियत कर्जा लगानी कोष ५ प्रतिशत

(ङ) सामुदायिक विकास कोष ५ प्रतिशत

(च) अन्य जोखिम व्यवस्थापन कोष ५ प्रतिशत

(छ) घाटा पुर्ति कोष ५ प्रतिशत

(ज) स्थिरीकरण कोष ५ प्रतिशत

(२) कर्मचारी बोनसकोषबाट रकम वितरण गर्दा बढीमा ३ महिनाको तलब भन्दा बढी नहुने गरी रकम वितरण गर्नु पर्नेछ।

(३) शेयर लाभाँश कोषको रकम वितरण गर्दा ऐन बमोजिम शेयरपूंजीको १८ प्रतिशतमा नबढ्ने गरी वितरण गर्न सकिनेछ।

(४) शेयर लाभांश कोष, संरक्षित पुँजी फिर्ता कोष र कर्मचारी बोनस कोष बाट रकम वितरण भई बाँकी हुन आउने रकम जगेडा कोषमा जम्मा गरिनेछ।

(५) यस दफा अनुसार रकम खर्च गर्न स्विकृत नीति अवलम्बन गरिनेछ।

६९. कोषको सुरक्षा :

(१) समितिले प्रमुख कार्यकारी अधिकृतको जिम्मामा रहने भनी तोकेको कोषको रकम प्रमुख कार्यकारी अधिकृतको जिम्मामा रहनेछ।

(२) उपदफा (१) मा उल्लेखित अवस्था बाहेक संस्थाको रकम समितिले कुनै बैकमा संस्थाको नाममा खाता खोली जम्मा गर्नेछ।

(३) कोषको सुरक्षाको लागि संस्थाले प्रचलित कानून बमोजिम स्थापित बीमा कम्पनीमा आवश्यकतानुसार संस्थाको ढुकुटीमा राखिएको नगद, काउण्टर नगद तथा मार्गस्थ नगदको बीमा गर्न सक्नेछ। संस्थाले नेपाल सरकारबाट संचालित तोकिएको रकमसम्मको बचत र ऋण लगानी रकमको सुरक्षण कोषमा सहभागी हुन सक्नेछ।

७०. कोषको उपयोग :

संस्थामा रहेको कोषहरुको रकम सोहि कोषको प्रयोजनमा उपयोग हुनेछ। कोषहरु एवं संस्थाको दैनिक कारोवारबाट आर्जित ब्याज वा आम्दानी संस्थाको आम्दानी मानिनेछ। आर्थिक वर्षको अन्त्यमा लेखापरीक्षण भई देखिएको खुद मुनाफा विनियममा व्यवस्था भए बमोजिमको कोषहरुमा सारिनेछ।

७१. बाँकी बक्यौता असूल उपर गर्ने :

सदस्यले संस्थाबाट लिएको ऋण चुक्ता नगरेमा बाँकी ऋण रकम, सोमा लाग्ने ब्याज र विलम्ब शुल्क समेत निजको घर-घराना (जायजेथा) बाट सहकारी ऐन नियममा तोकिए बमोजिमको कार्यविधि अपनाई संस्थाले असूल उपर गर्नेछ। संस्थाले रकम असूल उपर गर्दा लाग्ने वा लागेको सम्पूर्ण खर्चको रकम समेत सम्बन्धित ऋणी सदस्यबाट नै असूल उपर गरिनेछ। असूल उपरको कार्यवाही गर्दा लिलाम बढाबढबाट उठेको रकम संस्थाको दायित्व फरफारक गरी बाँकी रहन आएको रकम संबन्धित सदस्यलाई फिर्ता गरिनेछ।

७२. ऋण मिनाहा :

संस्थाले असूल उपर गर्नुपर्ने ऋण वा अरु कुनै रकम मिनाहा गर्नुपर्दा पर्याप्त कारणहरु सहित संचालक समितिले निर्णय गरी साधारण सभामा स्वीकृतिका लागि पेश गर्न सक्नेछ। साधारणसभामा उपस्थित सदस्यहरुको बहुमतको निर्णयबाट यस्तो निर्णय कार्यान्वयन हुनेछ।

७३. सेवा शुल्क:

संस्थाले सदस्यहरुसंग ऋणको कारोवार गर्दा बढीमा १ प्रतिशत सम्म सेवा शुल्क लिन सकिनेछ। सदस्यहरुलाई पुऱ्याइने अन्य सेवा बापत भने पूर्व निर्धारित शुल्क लिन बाधा पर्नेछैन।

७४. अविश्वासको प्रस्ताव राख्न सकिने :

कुनै सञ्चालक वा लेखा समिति सदस्यले प्रचलित सहकारी ऐन , नियम तथा संस्थाको विनियमको अविज्ञाप गरि समितिका सदस्यलाई तथा लेखा सुपरीवेक्षण समितिका संयोजक र सदस्यलाई पदबाट हटाउनका लागि देहाय बमोजिम साधारण सभामा अविश्वासको प्रस्ताव पेश गर्न सकिनेछ ।

(क) साधारण सभाका दश (१०) प्रतिशत सदस्यले समिति तथा लेखा सुपरीवेक्षण समितिको कुनै निर्वाचित सदस्यलाई हटाउनु पर्ने वा समिति विघटन गर्नुपर्ने औचित्य छ भनी साधारणसभामा प्रस्ताव पेश गरेमा अविश्वासको प्रस्ताव ल्याइएको मानिनेछ ।

(ख) समितिको कुनै सदस्य वा समितिप्रति ल्याइएको अविश्वासको प्रस्ताव उपर सो सदस्यले साधारण सभामा उपस्थित भई आफ्नो स्पष्टीकरण र सफाई पेश गर्न पाउनेछ ।

(ग) साधारणसभाको बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएमा वा समिति वा लेखा सुपरीवेक्षण समिति विघटन गर्ने निर्णय भएमा त्यस्तो पदाधिकारी तथा सदस्य पदबाट हट्ने वा समितिको विघटन हुनेछ ।

(घ) समिति वा लेखा सुपरीवेक्षण समितिको विघटन वा संयोजक वा सदस्य पदमुक्त भएमा साधारण सभाले प्रक्रिया पुरा गरी रिक्त पदमा निर्वाचन गर्नुपर्नेछ ।

परिच्छेद - १२

कार्यालय व्यवस्थापन तथा कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकार

७५ कर्मचारी व्यवस्थापन :

(क) स्वीकृत कर्मचारी प्रशासन कार्यविधि बमोजिम कर्मचारी प्रशासन संचालन गर्नु पर्नेछ । यस्तो व्यवस्था नभएको भए कार्यविधि तत्काल बनाई लगत्तै आउने साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ । अनुमोदनका लागि साधारण सभा नबस्दासम्मको अवधिका लागि अन्तरिम रुपमा संचालक समितिबाट निर्णय गराई आवश्यक प्रशासनिक निर्णय लिनु पर्नेछ ।

(ख) साधारण सभाबाट स्वीकृत दरबन्दी र संस्थाको आर्थिक क्षमताको आधारमा समितिले निष्पक्षता तथा पारदर्शिता कायम हुने गरी तोकिएको प्रक्रिया पूरा गरी गराई प्रमुख कार्यकारी अधिकृत नियुक्त गर्नु पर्नेछ ।

(ग) संस्थाले मानव संशाधन नीति निमार्ण गरी आवश्यकता बमोजिम प्रमुख कार्यकारी अधिकृतको अधिनमा रहने गरि अन्य प्रवन्धक, अधिकृत, सहायक अधिकृत, विभागिय प्रमुख, सेवाकेन्द्र प्रमुख, वरिष्ठ सहायक, सहायक, फिल्ड सहायक, दैनिक बचत संकलक, फिल्ड सहयोगि, कार्यालय सहयोगि तथा श्रेणिविहिन दरवन्दि कायम गरि संचालन गर्न सक्ने छ ।

७६. कार्यकारी प्रमुखको काम, कर्तव्य र अधिकारः

(क) संस्थाको आर्थिक तथा प्रशासनिक कार्यको पूर्ण जिम्मेवारी बहन गरी संचालक समितिलाई सहयोग गर्ने,

(ख) सदस्यता आवेदन फारामहरु संकलन एवं विवरण तयार गरी स्वीकृतिका लागि समितिमा प्रस्तुत गर्ने र आवश्यक सूचनाहरु उपलब्ध गराउने,

(ग) साधारणसभा र संचालक समितिका सबै बैठकहरुमा भाग लिने र निर्णय लिने कामका लागि सदस्यहरुलाई आवश्यक सूचना उपलब्ध गराउने,

(घ) वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समिति समक्ष पेश गर्ने,

(ङ) समिति र साधारणसभाका बैठकहरुको विषय सूची तयार गर्ने,

(च) संस्थाका सदस्यहरुलाई सहकारी सम्बन्धी चेतना अभिवृद्धि गर्न सहकारी विषयका विविध पक्षमा जनचेतना मूलक अभिमूखिकरण कार्यक्रम तथा तालिमको संयोजन गर्न शिक्षा उपसमितिलाई सहजिकरण गर्ने,

(छ) कर्मचारीहरुको कार्यविवरण तयार गरी कार्यान्वयन गर्ने गराउने । संस्थाका सबै कामहरु सुचारु रुपमा संचालन गर्न गराउन नेतृत्व गर्ने, कामको सुपरिवेक्षण गर्ने, कर्मचारी बीच समन्वय गर्ने, कार्य सम्पादनको मूल्याकन गर्ने गराउने, कामको मूल्याकनको आधारमा कर्मचारीहरुलाई पुरस्कृत वा सजाय गर्ने आदि ।

(ज) साधारण सभा र संचालक समितिको नीति, निर्देशन एवं निर्णय र नियमन गर्ने कार्यालयको निर्देशन कार्यान्वयन गर्ने गराउने,

(झ) समिति प्रति उत्तरदायी हुने,

(ञ) जनसम्पर्कका अन्य कार्यहरु गर्ने, गराउने ।

(ट) संस्थाको व्यवस्थापन चुस्त राख्न वितिय विश्लेषण र अनुगमनको लागि PEARLS अनुगमन पद्धतिको अवलम्बन गर्ने । यसका लागि संस्थाका सचालक, लेखा समितिका पदाधिकारी र कर्मचारी लाई आवश्यकता अनुसार तालिममा सहभागी गराउने व्यवस्थाका लागि पहल गर्ने ।

(ठ) पदाधिकारी एवं कर्मचारीको ज्ञान, सीप र काममा रुची बढाउन तालिम एवं अध्ययन भ्रमण को कार्यक्रम साथै कर्मचारीहरुका लागि Incentive Package को योजना बनाई स्वीकृतिको लागि पेश गर्ने।

(ड) कार्य सम्पादन तथा उपलब्धिको आधारमा पदाधिकारी एवं कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यक्रम बनाई स्वीकृतिका लागि पेश गर्ने ।

७७ कर्मचारीको नियुक्ति तथा सेवाका शर्तहरु :

(क) संस्थाको लागि आवश्यक पर्ने कर्मचारीहरु नियुक्ति गर्दा सम्बन्धित पदले गर्नु पर्ने कार्य विवरण सहित साधारण सभाले स्वीकृत गरेको दरबन्दीमा कर्मचारी भर्ना प्रकृया पूरा गरी भर्ना गरिनेछ ।

(ख) पदपूर्ति उपसमितिको सिफारिसका आधारमा छनौट भएका कर्मचारीहरुलाई नियुक्ति गर्दा प्रमुख कार्यकारी अधिकृतलाई संचालक समितिको सचिव र अन्य कर्मचारीलाई कार्यकारी प्रमुखले नियुक्ति दिनेछ ।

(ग) कर्मचारीको सेवाका शर्तहरु तथा सुविधाहरु आर्थिक प्रशासन नितिमा तोकिए बमोजिम हुनेछ ।

(घ) कर्मचारी भर्ना गर्दा नगद कारोबार गर्नु पर्ने पदका लागि जमानी वा धरौटी लिने व्यवस्था गर्न सकिनेछ।

७८ कर्मचारीसंग कारोबार सम्झौता :

कर्मचारीले वर्षभरी सम्पादन गर्नु पर्ने कार्यको लागि निजसंग वार्षिक सम्झौता गरिनेछ । यसै सम्झौताका आधारमा कर्मचारीको कार्यसम्पादन मूल्यांकन भरी निजको पदोन्नति तथा सुविधा बृद्धिमा आधार लिइनेछ ।

परिच्छेद - १३

दर्ता अधिकारी समक्ष पेश गर्नु पर्ने प्रतिवेदन तथा विवरणहरु

७९. पेश गर्नु पर्ने विवरणहरु :

(१) सहकारी संस्थाले प्रत्येक वर्ष देहायका विवरण सहितको प्रतिवेदन तोकिएको समय साधारणसभा सम्पन्न भएको १५ दिनभित्र दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारी समक्ष पेश गरिनेछ ।

(क) कारोबारको चौमासिक र वार्षिक प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन,

(ख) वार्षिक कार्यक्रम नीति तथा योजना,

(ग) सूद बचत सम्बन्धी नीति तथा योजना,

(घ) सचालकको नाम तथा बांकी कार्यावधिको सूची,

(ङ) साधारण सभाको बैठक सम्बन्धी जानकारी

(च) शेयर सदस्य संख्या र शेयरपूँजी,

(छ) संचालक वा सदस्यले लिएको ऋण तिर्न बांकी रहेको रकम,

(ज) दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीले समय समयमा तोकिदिएको अन्य विवरण ।

(२) सदस्यहरुको उपस्थितिको विवरण र निर्वाचन सम्पन्न भएको भए निर्वाचित संचालकहरुको हालसालै खिचिएको फोटो सहितको तीन पुस्ते विवरण ।

(३) संस्थाको स्वीकृत बचत तथा ऋण नीति वा कार्यविधि, कर्मचारी प्रशासन एवं आर्थिक प्रशासन कार्यविधि ।

(४) ब्याजदर परिवर्तन गरिएकोमा सो को कारण सहितको विवरण ।

(५) संस्थाको अनुगमन गर्दा दिइएको सुझाव वा निर्देशनको कार्यान्वियनको प्रगति विवरण ।

(६) सहकारी विभाग वा संस्था नियमन गर्ने कार्यालयले माँग गरेको अन्य विवरण ।

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

दर्ता अधिकारी

परिच्छेद-१४

विविध

८०.व्याख्या गर्ने अधिकार :

यस विनियमको व्याख्या गर्ने अधिकार साधारण सभालाई हुनेछ । साधारण सभाबाट पनि सुल्झिन नसकेमा सहकारी ऐन, नियम बमोजिम हुनेछ ।

८१.मध्यस्थता सम्बन्धी व्यवस्था :

(क) सहकारी संस्था र सदस्यहरु बिच संस्थाको नीतिगत विषयमा कुनै विवाद उत्पन्न भएमा संस्थाले १ जना संयोजक सहित ३ सदस्यीय मध्यस्थता समिति गठन गर्नेछ ।
(ख) विवाद निरुपण समितिले आफ्नो कार्यविधि आफै तय गर्न सक्नेछ ।

८२ विनियम संशोधन :

संस्थाको कूल सदस्य संख्याको बहुमतबाट विनियम र आन्तरिक कार्यविधिमा संशोधन हुन सक्नेछ । यसरी संशोधन भएको विनियम दर्ता अधिकारी वा निजबाट अधिकार प्राप्त अधिकारीबाट स्वीकृत भएपछि लागु हुनेछ।

८३. एकीकरण, विभाजन र विघटन

(क) संस्थाको साधारणसभाको दुईतिहाई सदस्यको बहुमतले संस्था एकीकरण वा विभाजन गर्ने निर्णय गरेमा संस्थाको एकीकरण वा विभाजन गर्न सकिनेछ । संस्थाको एकीकरण र विभाजन गर्दा सहकारी ऐन २०७६ र सहकारी कार्यालयबाट जारी निर्देशन बमोजिमको प्रक्रियाको पालना गरिनेछ ।
(ख) संस्थाको साधारणसभाको कुल सदस्य संख्याको दुईतिहाई सदस्यको बहुमतले संस्था विघटन गर्ने निर्णय गरेमा संस्थाको विघटन हुनेछ । संस्थाको विघटन गर्दा लुम्बिनी प्रदेश सहकारी ऐन, २०७६ बमोजिमको प्रकृया अपनाईनेछ ।

८४. सदस्यहरु बीच विभेद गर्न नहुने :

संस्थाका सदस्यहरुकाबीच संस्थापक सदस्य, शेयर सदस्य र साधारण सदस्य जस्ता कुनै पनि आधारमा वर्गीकरण गरी विभेद गरिने छैन । सहकारीको सिद्धान्त बमोजिम एक सदस्य एक मतको प्रजातान्त्रिक अवधारणामा आँच आउने गरी कुनैपनि कार्य गरिने छैन ।

८५. आचार संहिता :

संस्थाले सहकारी मूल्य मान्यता र सिद्धान्तहरुमा आधारित रही संस्थाका सदस्य र पदाधिकारीहरुले पालना गर्ने आचार संहिता संस्थाको साधारण सभाबाट पारित गराई लागु गर्नेछ । यस्तो आचार संहिताको पालना गर्नु सम्बन्धित सबै सदस्य, पदाधिकारीहरुको कर्तव्य हुनेछ ।

८६. सदस्यहरुको सूचना पाउने अधिकार :

(क) संस्थाका कुनै सदस्यले संस्थाको आर्थिक अवस्था र कुनै पनि कारोवारका बारेमा जानकारी माग गरेमा उपलब्ध गराउनु पर्नेछ ।

(ख) तर शेयर सदस्यहरुको शेयर, बचत तथा ऋण लेनदेन सम्बन्धी व्यक्तिगत खाता कानून बमोजिम बाहेक गोप्य राखिनेछ । स्पष्टीकरण : कानून बमोजिम भन्नाले सहकारी मन्त्रालय वा सहकारी विभाग वा प्रदेश सरकार वा नियमन गर्ने स्थानीय तह वा आवद्ध संघले निरीक्षण तथा अनुगमन गर्ने कार्यको सिलसिलामा, कुनै अदालतमा मुद्दा मामिलाको सिलसिलामा अदालतले माग गरेको अवस्थामा, आन्तरिक तथा बाह्य लेखा परीक्षणको अवस्थामा, बित्तीय अपराधको छानबिनको सिलसिलामा खातापत्र उपलब्ध गराउन बाधा पर्ने छैन ।
(ग) संस्थाको संचालक समिति, लेखा समिति तथा कार्य सम्पादनको जिम्मेवारी पाएका तथा जांच परीक्षण गर्ने कर्मचारीले कामको सिलसिलामा जुनसुकै खाता जहिले सुकै हेर्न सक्नेछन् ।

८७. संस्थाको अनुगमन :

(क) संस्थाको अनुगमन गर्न अख्तियारी पाएको निकाय वा कर्मचारीले संस्थाका सबै कारोवार जाँच गर्दा एवं थप विवरण माग गरी संस्थाको गतिविधि माथि निगरानी राख्दा संचालक समिति, लेखा समिति, निर्वाचन समिति तथा अन्य उपसमितिका पदाधिकारी एवं कर्मचारीहरुले सहयोग पुर्‍याउने छन्।
(ख) अनुगमनका आधारमा दिइएको निर्देशनको पालना गर्नु गराउनु पर्ने दायित्व संचालकहरुको हुनेछ ।
(ग) नियमित साधारण सभामा सम्बन्धित सहकारी कार्यालयले गरेको अनुगमन, दिएको निर्देशन तथा संस्थाको प्रतिक्रिया संस्थाका अध्यक्षले अनिवार्य रुपमा आफ्नो प्रतिवेदनमा समाविष्ट गरी प्रस्तुत गर्नु पर्नेछ ।

८८. एकीकृत सूचना प्रणालीमा आवद्धता

सहकारी संस्था तोकिएको अवधिभित्र सहकारी एकीकृत सूचना प्रणाली (COPOMIS) मा आवद्ध हुनेछ ।

८९. वित्तीय प्रतिवेदन :

प्रचलित ऐन कानून तथा सहकारी विभागद्वारा जारी गरिएको सम्पत्ति शुद्धिकरण नियन्त्रण निर्देशन बमोजिम कारोबारको जानकारी नेपाल राष्ट्र बैंक वा विभिन्न निकायमा तोकिएको समयभित्र पुग्ने गरी समय समयमा पठाइनेछ ।

९०. सूचना तथा कार्यान्वयन अधिकारीको व्यवस्था :

(क) सूचना अधिकारी : संस्थागत सुशासनको लागि सहकारी संस्थाले सूचना अधिकारी तोक्नेछ र संस्थाबाट प्रवाह गर्नु पर्ने तथ्यांक तथा सूचनाहरु समय समयमा सूचना अधिकारी मार्फत सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

(ख) कार्यान्वयन अधिकारी : सहकारी संस्थाले दिनु पर्ने सूचना तथा जानकारीको लागि समितिले एक जना कर्मचारीलाई तोक्ने छ । यसरी नतोकिए सम्मका लागि व्यवस्थापक वा कार्यकारी प्रमुखले नै कार्यान्वयन अधिकारीको कार्य गर्नु पर्नेछ ।

९१. समानता र समता :

सहकारी संस्थाले सम्पादन गर्ने हरेक कार्यकलापमा संस्थाका सदस्यहरुलाई समानताको आधारमा सेवा प्रवाह गर्नेछ । तर, आर्थिक तथा सामाजिक बंचितिकरणमा परेका सदस्यहरुको उत्थानको लागि क्षमता विकास कार्यक्रम संचालन गर्ने समता वा समन्याय दिलाउने कार्य भने संचालन गर्न सक्नेछ ।

९२. घर जग्गा खरीद :

(क) संस्थाको कार्यालय एवं कारखाना वा गोदाम प्रयोजनका लागि घर जग्गा खरीद गर्दा संस्थाको कोष विश्लेषण अनिवार्य रुपमा गरिनेछ ।

(ख) घरजग्गा सम्पत्ति खरीद तथा बिक्रीको लागि साधारण सभाको स्वीकृति लिइनेछ ।

(ग) स्थिर सम्पत्ति खरीद गर्न सदस्यबाट संकलित बचत रकमको प्रयोग गरिने छैन ।

(घ) साधारण सभाको स्वीकृतिमा घरजग्गा खरीद गर्न छुट्टै कोष सिर्जना गर्न सकिने छ ।

(ङ) खरीद बिक्री प्रक्रियामा आर्थिक कार्यविधि तथा खरिद कार्यविधि बमोजिम पारदर्शिता कायम गरिने छ ।

(च) संस्थाको उद्देश्य विपरीत नियमन गर्ने निकायको अनुमति विना संस्थाले प्रत्यक्ष वा परोक्षरुपमा घर जग्गाको कारोबार गर्ने छैन ।

९३. ऋण वा अनुदान लिन सक्ने :

सहकारी संस्थाले स्वदेशी वा विदेशी बैंक, संस्था, संघ वा अन्य निकायबाट ऋण/अनुदान लिन वा साझेदारीमा काम गर्न सक्नेछ ।

९४. सुरक्षण प्राप्त गर्न सक्ने :

सहकारी संस्थाले विशेष परियोजना संचालनका लागि पूंजी तथा प्रविधिको लागि विदेशी बैंक वा सहकारी संघ संस्था वा बीमा कम्पनीसंग ऋण लिनु पर्ने भएमा नेपाल सरकारले तोकेका शर्त पूरा गरी सुरक्षणको लागि अनुरोध गर्न सक्नेछ ।

९५. छुट, सुविधा र सहुलियत लिने :

सहकारी संस्थाले नेपाल सरकार तथा स्थानीय तहबाट प्राप्त हुने ऐनमा व्यवस्था गरिएको छुट, सुविधा तथा सहुलियत लिन सक्नेछ ।

९६. कर्जा सूचना केन्द्रमा आवद्धता :

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
बुटवल, नेपाल

दर्ता अधिकारी

संस्थाले नेपाल सरकारले सहकारी संघ संस्थाहरु सदस्य हुन पाउने गरी संचालन गर्ने कर्जा सूचना केन्द्रमा आवद्ध भै कर्जा सूचना लिन र उपयोग गर्नसक्नेछ । साथै आफ्ना सदस्यहरुबाट विविध कारणले ऋण असूल हुन नसकेको अवस्था रहेमा त्यस्ता सदस्यहरुको नाम कालो सूचीमा समावेश गर्न अनुरोध गर्न सक्नेछ।

९७. सहकारी कर्जा असूली न्यायाधिकरण :

सहकारी संस्थाले गरेको ऋण लगानी असूल उपर हुन नसकेको अवस्थामा सहकारी ऋण असूली न्यायाधिकरणमा निवेदन दिई असूली गराउन अनुरोध गर्न सक्नेछ ।

९८. सामाजिक लेखा परीक्षण गराउन सक्ने :

संस्थाले विनियममा उल्लेखित उद्देश्य प्राप्त गर्न संचालन गरेको कार्यहरु तथा निर्णयहरु, सदस्य सेवाको सन्तुष्टिको स्तर र सदस्यहरुको आर्थिक,सामाजिक,सांस्कृतिक एवं वातावरणीय सकारात्मक परिवर्तनहरु समेत झल्किने गरी सामाजिक लेखा परीक्षण गराई साधारण सभामा प्रतिबेदन पेश गर्न सक्नेछ । साधारण सभाले प्रतिवेदन उपर छलफल गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

९९. एजेन्सी लिन सक्ने :

संस्थाले सदस्य तथा समुदायको हितको लागि बित्तीय सेवा दिने निकायहरु, मुद्रा विप्रेषण गर्ने निकायहरु, नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संगठित संस्थाहरु, बीमा कम्पनीहरुको एजेन्सी लिई व्यवसायिक कारोबार गर्न तथा सदस्यको जीवन तथा निर्जीवन बीमा कारोबार गर्न सक्नेछ । तर, यसरी एजेन्सी लिदा सदस्यको बचत तथा शेयर रकम प्रयोग गरिनेछैन ।

१००. बचत तथा कर्जा सुरक्षण कोषमा आवद्ध हुने :

संस्थाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले संचालन गर्ने बचत तथा कर्जा सुरक्षण कोपको सदस्य भै कारोबार गर्न र आफ्ना सदस्यहरुको बचत तथा कर्जा लगानीको सुरक्षण व्यवस्था मिलाउन सक्नेछ ।

१०१. आर्थिक सहयोग गर्न नहुने :

संस्थाको रकम आफ्ना सदस्यहरु र सामाजिक कार्यमा बाहेक अरु कसैलाई आर्थिक सहयोग गर्ने छैन ।

१०२. अन्तर सहकारी कारोबार गर्न सक्ने :

(क) सहकारी संस्थाले संस्थाको विनियममा उल्लेखित उद्देश्य पूरा गरी सदस्यहरुको आवश्यकता पूरा गर्न अन्तर सहकारी कारोबार गर्न सक्नेछ ।

(ख) संस्थाले स्थानीय उत्पादनको प्रशोधन तथा बजारीकरण गरी रोजगारी तथा आय आर्जन कार्यलाई प्रबर्द्धन गर्न अन्य संघ संस्थासंग मिलेर अन्तर सहकारी कारोबार गर्न सक्नेछ ।

(ग) सहकारी संस्थाले नेपालभरको कुनै सहकारी संस्थाबाट विद्युतीय प्रणाली मार्फत आफ्ना सदस्यहरुबाट बचत संकलन गर्न र झिक्न सक्ने व्यवस्था मिलाउन सक्नेछ ।

१०३. संघमा बहु प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

सहकारी संस्थाले आफ्नो सदस्य संख्याको आधारमा संघले तोकेको मापदण्ड पूरा गरी एक भन्दा बढी प्रतिनिधीहरु संघको साधारण सभामा भाग लिन खटाउन सक्नेछ । त्यसरी खटाइएका प्रतिनिधिहरुमध्ये मतदान गर्ने अधिकार कसलाई हुने हो सो समेत खुलाइएको हुनुपर्नेछ ।

१०४. ठेक्का पट्टा दिन नहुने :

सहकारी संस्थाले आफ्नो समितिको कुनै सचालक वा लेखा सुपरीवेक्षण समितिको संयोजक वा सदस्य वा आफ्नो कर्मचारीलाई सो सहकारी संस्थाको ठेक्कापट्टा दिनु हुदैन । साथै संस्थाले बजार खरिद गर्दा वा ठेक्का दिदा स्वीकृत सार्वजनिक खरिद कार्यबिधि अनुसार गर्नु पर्नेछ ।

१०५. लाभांश वितरण गर्न नहुने:

संस्थाले अघिल्लो वर्षसम्मको संचित नोक्सानी पूरा नगरेसम्म तथा कर्जा अपलेखन गर्दा कर्जा जोखिम कोषमा रहेको रकमले नखाम्ने भएको रकमको व्यवस्था नगरी शेयर लाभांश, कर्मचारी बोनस कोष तथा संरक्षित पूँजीकोष वितरण गर्न हुदैन ।

१०६. नीति, कार्यविधि तथा निर्देशिका बनाउन सक्ने :

संस्था संचालनका लागि साधारण सभाले कर्मचारी प्रशासन, आर्थिक प्रशासन, बचत परिचालन, ऋण परिचालन, संस्थागत सुशासन, सम्पत्ति शुद्धिकरण निवारण, योजना निर्माण अनुगमन र मूल्यांकन, अभिलेख व्यवस्थापन, शिक्षा तथा तालिम, आन्तरिक लेखा परीक्षण, निर्वाचन व्यवस्थापन, सामाजिक विकास लगायतका विषयहरुमा आवश्यकता अनुसार नीति, कार्यविधि तथा निर्देशिका निर्माण गरी कार्यान्वयनमा ल्याउन सक्नेछ ।

१०७. एकीकरण सम्वन्धि विशेष व्यवस्था :

(क) यस संस्था एकीकरणमा समावेश सहकारी संस्थाहरुको एकिकृत संस्था भएकाले यसमा एकीकरण भएका संस्थाहरुले कसैबाट लिनु पर्ने वा दिनु पर्ने बक्यौता रहेको भए यसै संस्थाको बक्यौता सरह मानिने छ ।

(ख) एकीकरण पूर्व संस्थाहरुले गरेको ऋण लगानी यसै संस्थाले गरे सरह असुल उपर गरिनेछ ।

(ग) एकीकरण भएका संस्थाहरुको चल अचल संपत्तिको स्वामित्व यसै संस्थाको हुनेछ ।

१०८. अमान्य हुने :

(क) यस विनियममा उल्लेखित कुनै व्यवस्थाहरु सहकारी ऐन, नियम र सहकारीका सिद्धान्तहरुसंग बाझिने भएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

(ख) यस विनियममा उल्लेख नभएका विषयहरुको बारेमा सहकारी ऐन, नियम, सम्वन्धित सहकारी कार्यालय द्वारा जारी परिपत्र, मापदण्ड र सहकारीका सिद्धान्तहरु बमोजिम संस्थाको काम कारवाही संचालन गरिनेछ ।

पेश गर्ने कर्मचारीको
नाम :-
दस्तखत :-
पद :-

स्वीकृत गर्ने पदाधिकारीको
नाम:-
दस्तखत:-
पद:-

पुनरलेखन गर्ने कार्यालयको छाप:-

मिति :

अनुसूची- १
(विनियमको दफा ५(ख) संग सम्वन्धित)

संस्थाको छाप

अनुसूची- २

(विनियमको दफा १८ संग सम्बन्धित)

सदस्य दर्ता किताब

क्र. सं.	बाजेको नाम थर	बाबुको नाम थर	पति या पिताको नाम थर	सदस्यको नाम थर	जन्म मिति	ठेगाना	पेशा	सदस्यभएको मिति	मनोनित हकवालाको नाम	नाता	हकवाला मनोनित गर्दा साक्षिको नाम	सदस्यको फोटो	सदस्यको दस्तखत	प्रमाणित गर्ने को हस्ताक्षर	कैफियत

अनुसूची- ३
विनियमको दफा २० संग सम्बन्धित

शेयर प्रमाण पत्र

विश्वासिलायचत तथा ऋण सहकारी सस्था लि
ठाकुरबाबा ८, मढेला
बर्दिया

सदस्यता नं
प्रमाणपत्र नं

शेयर प्रमाण पत्र

लुम्बिनी प्रदेश सहकारी ऐन २०७६,तथा संस्थाको विनियमको दफा २० बमोजिम तपाइ श्री..............................को छोरा/छोरी/श्रीमती ,..............................बस्ने वर्ष..........को श्री .... ले यस संस्थाको निम्नानुसारको शेयर खरिद गर्नु भएकोले यो शेयर प्रमाण-पत्र प्रदान गरिएको छ ।

क्र. सं.	प्रति शेयर मूल्य	शेयर संख्या	शेयर खरिद मिति	बुझाएको जम्मा रकम	दाखिला खारेज		बाँकी शेयर रकम	संस्थाबाट प्रमाणित गर्नेको		संस्थाको छाप
					भएको मिति	शेयर कित्ता		नाम	दस्तखत	

संस्थाको छाप

व्यवस्थापकको हस्ताक्षर

अध्यक्षको हस्ताक्षर

मिति

अनुसूची- ५
(विनियमको दफा ५२(१२) संग सम्बन्धित)

शपथ ग्रहण

म **विश्वासिलो बचत तथा ऋण सहकारी संस्था लिमिटेड** को मिति........... मा भएको साधारण सभाबाट संस्थाको सञ्चालक समिति/ लेखा सुपरिवेक्षण समितिको . ... पदमा निर्वाचित पदाधिकारीको हैसियतले संस्थाको काम काजमा कुनै किसिमको लोभ, लालच र मोलाहिजा नगरी पक्षपात रहित ढंगबाट निर्णय गर्नेछु । मलाई ज्ञात हुन आएको सहकारी र संस्थासँग सम्बन्धीत कुनै गोप्य कुरा आधिकारिक व्यक्ति बाहेक अन्य कसैलाई म पदमा रहे वा नरहेको जुनसुकै अवस्थामा पनि प्रतक्ष्य वा अप्रतक्ष्य रुपमा भन्ने वा संकेत गर्ने छैन ।

सपथ ग्रहण गराउनेको
सही:-
नाम:-
पद:-

सपथ ग्रहण गर्नेको
सही:-
नाम:-